का.जि.प्र.का.द.नं. १००/०५२/६०
१० कात्तिक २०८३
मंगलबार
27 October 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २७०। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



साबिक विजेता लुम्बिनीको सान

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा साबिक विजेता लुम्बिनी लायन्सले विजयी सुरुवात गरेको छ । सोमबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको उद्घाटन खेलमा सुदूरपश्चिम रोयल्सलाई ७ विकेटले पराजित गर्दै लुम्बिनीले सुखद सुरुवात गरेको हो ।

विस्तृत समाचार पृष्ठ ७ मा

सुल्झिएन सहकारी समस्या

बचत फिर्ताले लिएन गति

समस्याग्रस्त २३ सहकारीका बचतकर्ताले करिब ४६ अर्ब रुपैयाँ फिर्ता पाउन बाँकी छ । सरकारले रकम फिर्ता गर्ने प्रतिबद्धता जनाए पनि हजारौं बचतकर्ता वर्षौंदेखि न्यायको पर्खाइमा छन् । सिभिल सहकारीको रकमबाट बनेका सिटिसी सेन्टर र सिभिल मलसमेत लिलामीको प्रक्रियामा जान सक्ने अवस्थामा छन् ।



सरकारले साना बचतकर्ताको रकम धमाधम फिर्ता गर्दै छ । ठुला बचकर्ताको हकमा सञ्चालक तथा व्यवस्थापकको सम्पत्ति लिलामी गरेर फिर्ता गर्नुपर्ने हुँदा कानुनी प्रक्रियाले ढिलाइ हुने अवस्था छ ।

मदन भुजेल
सचिव
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ९ कात्तिक

काठमाडौंका ७२ वर्षीय डिल्लीप्रसाद भट्टराई र उनकी ७१ वर्षीया पत्नी निरा भट्टराईले सिभिल सहकारीमा राखेको ८३ लाख रुपैयाँ अझै फिर्ता पाउन सकेका छैनन् । उनीहरूले २०७३ सालदेखि सहकारीमा कारोबार गर्दै आएका थिए । २०७६ सालमा डिल्लीप्रसादले ३३ लाख र निराले ५० लाख रुपैयाँ जम्मा गरेका थिए । तर, त्यसयता उनीहरूले सावाँ र ब्याज दुवै पाएका छैनन् ।

आफ्नै बचत फिर्ता लिन पटक-पटक सहकारी धाउँदा पनि >>> पृष्ठ २ मा



लिलामीमा जाँदै सिटिसी सेन्टर र सिभिल मल

सिभिल सहकारीको रकमबाट निर्माण गरिएका काठमाडौंको बागदरबारस्थित सिटिसी सेन्टर र सुन्धारास्थित सिभिल मलसमेत संकटमा छन् । सहकारीका सञ्चालक इच्छाराज तामाङले सहकारीको रकम लगानी गरी खरिद गरेका जग्गा र निर्माण गरेका घरजस्ता सम्पत्ति व्यक्तिगत कम्पनी सिभिल होम्सका नाममा राखेको आरोप छ ।

तामाङले सहकारीको रकमबाट काठमाडौंका विभिन्न स्थानमा २९५ रोपनी जग्गा खरिद गरी ३७१ घर निर्माण गरेको विवरण सार्वजनिक भएको छ । ती सम्पत्ति सिभिल होम्सका नाममा रहेको बताइएको छ । सिभिल सहकारीका बचतकर्ताले करिब ६ अर्ब ५२ करोड रुपैयाँ फिर्ताको मागदावी गरेका छन् । सिभिल मलको ५० प्रतिशत सेयरसमेत तामाङकै नाममा रहेको बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले जनाएको छ ।

समितिका सदस्य रामेश्वर ढकालका अनुसार सिटिसी सेन्टर र >>> पृष्ठ २ मा

१३ लाख सुकुम्वासीले मागे जग्गा

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ९ कात्तिक

सरकारले भूमिहीन तथा सुकुम्वासीको समस्या हजार दिनभित्र समाधान गर्ने लक्ष्य अघि सारेको छ । तर, दशकौंदेखि जग्गाको स्वामित्व पाउने आशामा रहेका परिवारका लागि सरकारको घोषणामै सीमित भएको छ । भूमिसम्बन्धी समस्या समाधानका लागि पटकपटक आयोग र समिति गठन भए पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन ।

सरकारले सार्वजनिक गरेको विवरणअनुसार हालसम्म भूमिसम्बन्धी प्रणालीमा १३ लाख ११ हजार १९७ निवेदन प्रविष्ट भएका छन् । तीमध्ये ५ हजार ७३७ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको विवरण सार्वजनिक भएको छ । सरकारले निवेदनको अध्ययन, प्रमाणीकरण र तथ्यांक परीक्षण भइरहेको जनाएको छ । तर, यी दुई तथ्यांकलाई सिधै तुलना गरेर वितरणको अन्तिम प्रगति मापन गर्न मिल्दैन, किनकि निवेदन र लालपुर्जा वितरणको दायरा तथा प्रक्रिया फरक हुन सक्छन् ।

भूमिहीन समस्या समाधानका लागि विभिन्न समयमा आयोग तथा समिति गठन हुँदै आएका छन् । २०४७ सालपछि मात्रै यससम्बन्धी १९ वटा आयोग गठन भए । आयोग गठन र विघटनको क्रमले समस्या समाधानको संस्थागत निरन्तरतामाथि प्रश्न उठाएको छ । सरकारले नयाँ लक्ष्य निर्धारण गरे पनि विगतका आयोगमा संकलन भएका निवेदन, प्रमाणीकरण भएका परिवार र वितरण हुन बाँकी लालपुर्जाको अवस्था स्पष्ट हुन सकेको छैन । प्रत्येकपटक नयाँ संरचना बनाउँदा पुरानो अभिलेखको स्वामित्व, निर्णयको निरन्तरता र बजेटको >>> पृष्ठ २ मा



भूमिहीन तथा सुकुम्वासीलाई लालपुर्जा वितरणमा रहेका नीतिगत बाधा सरकारले अध्यादेशमार्फत हटाइसकेको छ, अब नीतिले भूमिहीनको हकमा लालपुर्जा दिन रोक्दैन, अब नियतको कुरा हो ।

प्रतिभा रावल
मन्त्री

वैदेशिक रोजगार विशेष

एकै महिनामा ७३ हजार बढी नेपाली वैदेशिक रोजगारीमा

मध्यान्ह संवाददाता
काठमाडौं, ९ कात्तिक

असोज महिनामा ७३ हजारभन्दा बढी नेपाली युवायुवती वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागका अनुसार असोजमा ७३ हजार ७६५ जना वैदेशिक रोजगारीमा गएका छन् । यो संख्या गत वर्षको असोज महिनाको तुलनामा करिब १० हजारले बढी हो । गत वर्ष असोजमा सबै प्रक्रियाबाट ६४ हजार ६३४ जना वैदेशिक रोजगारीमा गएका थिए ।

मुलुकमा आन्तरिक रोजगारी सिर्जना गरी युवा जनशक्तिलाई स्वदेशमै राख्ने र बाध्यताले वैदेशिक रोजगारीमा गएकाहरूलाई फर्काउने वर्तमान सरकारले पटकपटक प्रतिबद्धता जनाएको भए पनि वैदेशिक रोजगारमाथिको निर्भरतामा कमी नआएको तथ्यांकले देखाएको छ ।

असोजमा व्यक्तिगत श्रम स्वीकृतिमा १० हजार ८४४ जना, रिइन्ट्रीबाट ३० हजार २०६ जना, जिटुजीका माध्यमबाट १ हजार ३ जना र वैधानिकीकरणका माध्यमबाट ११० जना गएका छन् । असोजमा म्यानपावर कम्पनी र व्यक्तिगत प्रक्रियाबाट गरी ४३ हजार ५५९ जना गएका छन् । म्यानपावर कम्पनीमार्फत ३१ हजार ६०३ जना गएका छन् ।

अघिल्ला महिनाहरूमा जस्तै असोजमा पनि युएई जाने क्रम अग्रस्थानमा रहेको छ । असोजमा २३ हजार ८९९ जना युएई गएकोमा म्यानपावर कम्पनीमार्फत १४ हजार ४९४ जना गएका छन् ।

त्यसैगरी, मलेसियामा ६ हजार ३६, कतारमा ३ हजार ६१९, कुवेतमा २ हजार ६०७, साउदी अरेबियामा २ हजार ५१२, साइप्रसमा ६९३, >>> पृष्ठ २ मा

असोजमा धेरै कामदार पठाउनेमा प्याराडाइज पहिलो, अल स्किल दोस्रो र मोभिरा रिक्रुटमेन्ट तेस्रो

काठमाडौं/मस- असोज महिनामा प्याराडाइज इन्टरनेसनल प्रा.लि. ५७८ जनालाई वैदेशिक रोजगारीमा पठाएर धेरै कामदार पठाउने म्यानपावर कम्पनीको सूचीको शीर्ष स्थानमा रहेको छ । त्यसैगरी अल स्किल इन्टरनेसनल ह्युमन रिसोर्स प्रा.लि. ५२५ जना पठाएर दोस्रो र मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्ट्स सर्भिस प्रा.लि. ३४० जना पठाएर सूचीको तेस्रो स्थानमा रहेका छन् । असोजमा ८ दर्जनभन्दा बढी म्यानपावर कम्पनीले न्यूनतम एक सय र त्यसभन्दा धेरै कामदार पठाएका छन् । >>> पृष्ठ २ मा

पक्राउ पुर्जी जारी भएकालाई विभागको चेतावनी

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार न्यायाधिकरणबाट पक्राउ पुर्जी जारी भएका व्यक्तिहरू मंसिर १५ गतेसम्म उपस्थित नभए बैंक खाता र राहदानी रोक्का हुने चेतावनी दिएको छ । विभागको प्रशासन तथा योजना शाखाले सोमबार सूचना जारी गर्दै उक्त चेतावनी दिएको हो । विभागले वैदेशिक रोजगारसम्बन्धी उजुरी परेका व्यक्तिहरूका सम्बन्धमा वैदेशिक रोजगार न्यायाधिकरणबाट अनुमति लिई विभिन्न मितिमा पक्राउ पुर्जी जारी गरिएको र हालसम्म सम्पर्कमा नआएका व्यक्तिहरू निगरानीमा रहेको जनाएको छ । उनीहरूलाई सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र विभाग वा नेपाल प्रहरीको सम्पर्कमा जान विभागले आग्रह गरेको छ । पक्राउ पुर्जी जारी भई फरार रहेका व्यक्तिहरू तोकिएको मितिभित्र उपस्थित नभएमा >>> पृष्ठ २ मा

URGENT VACANCY — ANNOUNCEMENT —
WE ARE HIRING
यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
☑ SENIOR DOCUMENTATION OFFICER - 3 (Female)
☑ PRO - 5 (Female)
Requirements :-
- Experienced in related fields
- Must have knowledge of operating computers and speaking English
Salary Negotiable
Send Your CV at info@dananepal.com
DANA HUMAN RESOURCE NEPAL PVT. LTD.
Sinamangal, Kathmandu, Nepal, Tel No : 01-5923344
Gov. Lic No. 1692/080/81
Contact No : 9848135282

UAE को Government Transport कम्पनीमा महिलाहरूलाई रोजगारको अवसर
Emirates Transport
Company Name : Emirates Transport , UAE
पूर्व स्वीकृती मितिः २०८३/०७/०९ चलानी नं. ६०२६२७९२ LTNo. : 349635

सि. नं.	कामदारको पद	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Bus Supervisor	500	कामका दक्ष	1400	५७,८८०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

आवश्यक योग्यता तथा कागजातहरू :
उमेर : २० देखि ४२ वर्ष सम्म । योग्यता : कम्तिमा १० कक्षा र Basic English बोल्न सक्ने शारीरिक रुपमा सक्षम र सम्बन्धित काममा दक्ष भएको कामदारलाई विशेष ग्रहेता दिइनेछ ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने भिसा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७,००।- कामदार आफैले	निःशुल्क

प्रि-अन्तरवार्ता २०८३ कार्तिक १५ गते (1 Nov., 2026) सिद्धार्थ होटल विर्तामोडमा,
२०८३ कार्तिक १६ गते (2 Nov., 2026) सोल्टी होटल इटहरीमा हुनेछ ।
फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट निम्न मिति र स्थानमा हुनेछ ।
२०८३ कार्तिक १७ गते (3 Nov., 2026) बाजेको सेकुवा पोखरामा,
२०८३ कार्तिक १८ गते (4 Nov., 2026) होटल टुलिप बुटवलमा र
२०८३ कार्तिक १९ गते (5 Nov., 2026) यस प्रा. लि. को कार्यालय तिनकुने काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट भराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे रामरी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफ्सँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहचल काठमाडौंमा सम्पर्क राख्नुहोला ।

ThinkBiz Gov.Lic.NO. 1608/079/080
THINK BIZ INTERNATIONAL PVT.LTD.
Subhidhangar Marg, Tinkune, Kathmandu Tel : 01-5914635
Mob: 9761819719, 9761819720, 9761819721
Email: careers@thinkbiz.com.np | Web: www.thinkbiz.com.np

मलेसियामा वैदेशिक रोजगारीको अवसर
कम्पनी: PROGRESSIVE ALLIEDSECURITY FORCE SDN BHD
पूर्व स्वीकृत मितिः २०८३/०६/२५ चलानी नं.: ६०२६२७२३
शहर: MALAYSIA
L.T. No.: 349392

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Male Security Guards	25	0	स. कामका दक्ष	1700	६३०५३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने भ्याट् जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्टयाम्पीड शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९८ कामदारसे	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारसे	रु. १,४०० कामदारसे	निःशुल्क

वैदेशिक रोजगार बिभागबाट भराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे रामरीसँग पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन सक्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Ditya International Pvt. Ltd
DITYA INTERNATIONAL PVT. LTD.
Sinamangal-9, Manpower Bazar, Kathmandu, Contact No: 01-5912818, 9701018326, 9701018328, 9701018329, E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com
श्रम ई. पत्र नं.: ९३७/०७२/०७४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

संघीय संसद्मा ३६ विधेयक विचाराधीन, ७ नयाँ विधेयक दर्ता

काठमाडौं/मस–संघीय संसदका दुवै सदनमा गरी ३६ वटा विधेयक विचाराधीन अवस्थामा रहेका छन् । तीमध्ये प्रतिनिधिसभाका विभिन्न विषयगत समितिमा २४ वटा विधेयक विचाराधीन रहेको संघीय संसद् सचिवालयले जनाएको छ ।

संसद् सचिवालयकाअनुसार प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा ५ वटा, अर्थ समितिमा ४ वटा, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति, महिला तथा सामाजिक मामिला समिति र कानुन, न्याय तथा मानव अधिकारमा समितिमा ३-३ वटा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति र राज्य व्यवस्था तथा सुशासन समितिमा २-२ वटा र कृषि तथा प्राकृतिक स्रोत समितिमा एउटा विधेयक विचाराधीन रहेको छ ।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीकाअनुसार राष्ट्रिय सभाका समितिमा भने कुनैपनि विधेयक विचाराधीन छैन । प्रतिनिधि सभाबाट पारित भएर राष्ट्रिय सभामा प्रस्तुत हुन बाँकी रहेको एउटा विधेयक रहेको छ । राष्ट्रिय सेवा दल विधेयकको सन्देश राष्ट्रिय सभामा प्रस्तुत हुन बाँकी रहेको उनले बताए । प्रतिनिधि सभाका समितिमा विचाराधीन विधेयकमा अर्थसम्बन्धी केही नेपाल ऐन संशोधन



र खारेज गर्ने विधेयक, राहदानी (पहिलो संशोधन) विधेयक, भुक्तानी तथा फछ्यौंटसम्बन्धी विधेयक, फोहोरमैला व्यवस्थापनसम्बन्धी विधेयक, चलचित्र विधेयक, खानी तथा खनिज पदार्थसम्बन्धी विधेयक लगायत छन् ।

संसदमा नयाँ विधेयक दर्ताको संख्या सात पुगेको छ । अधिवेशन अन्त्य हुने दिन संघीय निजामती सेवा विधेयक, २०८३ दर्ता भएको थियो । सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले असोज १६ गते राति १२ बजेबाट लागू हुनेगरी संघीय संसद्को अधिवेशन अन्त्य गरेका थिए । संसद् अधिवेशन अन्त्य भएपछि थप छ वटा विधेयक दर्ता भएको प्रवक्ता गिरीले जानकारी दिए ।

संसद् अधिवेशन बन्द भएपछि दर्ता भएका थप ६ नयाँ विधेयकमा नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, नेपाल हवाई सेवा प्राधिकरण विधेयक, सुशासन (व्यवस्थापन तथा संचालन) (पहिलो संसोधन) विधेयक, भवन (दोस्रो संसोधन) विधेयक, राष्ट्रिय सडक सुरक्षा विधेयक र नविकरणीय उर्जा तथा उर्जा दक्षतासम्बन्धी विधेयक रहेका छन् । त्यस्तै, सभामा प्रस्तुत भएर मात्रै रहेको एउटा विधेयक छ । डिप्लोमा इन्जिनियरिङ परिषद् विधेयक सभामा विचाराधीन रहेको प्रवक्ता गिरीले जानकारी दिए ।

उनका अनुसार समितिमा छलफल भएर प्रतिवेदन तयार भइसकेका दुईवटा विधेयक रहेका छन् । संवैधानिक निकायका पदाधिकारीहरूको सेवा, सर्त र सुविधासम्बन्धी पहिलो संशोधन विधेयक, २०८३ को समितिले प्रतिवेदन सभामा पेस गरेर सभामा विचाराधीन छ । नेपाल राष्ट्र बैंक तेस्रो संशोधन विधेयकको भने समितिको प्रतिवेदन तयार भएर सचिवालयमा प्राप्त भएको उनले बताए । उनकाअनुसार संघीय संसद्का दुवै सदनबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेका विधेयकको संख्या १२ रहेको छ । यस्तै संसदबाट ६ वटा सन्धि तथा महासन्धि पेस भएर पारित भइसकेका छन् ।

समितिमा विचराधिन विधेयकमाथी दसैंको बिदापछि अब छलफल गर्ने तयारी गरिएको संसद् सचिवालयले जनाएको छ । दसैं बिदा अगाडि समितिमा कतिपय विधेयकहरुको दफाबार छलफल भइरहेको थियो भने केही विधेयकहरुको सैद्धान्तिक छलफल सुरु गरिएको थियो । बिदापछि समितिमा विधेयकलाई टुंगोमा पुऱ्याउनेगरी छलफल अगाडि बढाउने तयारी गरिएको छ ।

‘अर्नब’ चक्रवात नेपालमा शक्तिशाली हुने सम्भावना

सतर्कता अपनाउन ८ बुँदे सुझाव

काठमाडौं/मस– राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले ‘अर्नब’ चक्रवात अति शक्तिशाली हुने सम्भावना रहेको भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ ।

नेपाल मौसम विज्ञान विभागबाट आज जारी पोष्ट मनसुन सम्बन्धी विशेष बुलेटिनअनुसार बंगालको खाडीमा रहेको ‘अर्नब’ चक्रवात थप शक्तिशाली बन्दै गएको र यो अति शक्तिशाली हुने सम्भावना छ ।



प्राधिकरणका अनुसार उक्त चक्रवात कात्तिक ११ मा भारतको जमिनी भू-भागमा प्रवेश गर्ने सम्भावना रहेको र हालसम्मको मौसम विश्लेषणअनुसार उक्त प्रणालीको प्रभाव कात्तिक १२ गते बिहीबार रातिबाट सुरु हुने देखिन्छ । विशेषगरी आगामी कार्तिक १३ गते शुक्रबार र कात्तिक १४ गते शनिबार कोशी, बागमती, मधेश, गण्डकी र लुम्बिनी प्रदेश बढी प्रभावित हुने एवं यी प्रदेशका धेरै स्थानमा चट्याङ, हावाहुरीसहित मध्यमसम्मको र थोरै स्थानमा भारी वर्षाको सम्भावना छ ।

कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा चट्याङ र हावाहुरीसहित मध्यम वर्षा तथा एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना छ । यी प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रहरुमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको उच्च जोखिम पनि रहेको छ ।

रौतहटमा ठुलो परिमाणमा भन्सार छलीका सामान बरामद



सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, ९ कात्तिक

रौतहटमा भारतबाट भन्सार छली गरी अवैध रूपमा नेपाल भित्र्याइएका सामानहरू प्रहरीले बरामद गरेको छ । सुरक्षा जाँचका क्रममा २ लाख ६० हजार २७५ रुपैयाँ मूल्य बराबरका विभिन्न किसिमका सामानहरू नियन्त्रणमा लिइएको हो ।

जिल्ला प्रहरी कार्यालय रौतहटले दिएको जानकारी अनुसार सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार तथा चोरीपैठारी नियन्त्रणका लागि चलाइएको विशेष अभियानका क्रममा उक्त परिमाणका सामान बरामद गरिएको हो । गौर नगरपालिका-२ महादेवपट्टी र ईशनाथ नगरपालिका-औरैया क्षेत्रमा गरिएको विशेष सुरक्षा चेकजाँचका दौरान लत्ताकपडा विभिन्न प्रकारका औषधि किराना सामान तथा दुई बोरा सुर्ती फेला परेको थियो । प्रहरीले कानुनबमोजिम आवश्यक प्रक्रिया पूरा गर्न ती सबै बरामद सामानहरू गौर भन्सार कार्यालयमा बुझाइसकेको छ ।

यसैबीच प्रहरीले अवैध मदिरा कारोबारविरुद्ध पनि कारबाही तीव्र पारेको छ । यमुनामाई गाउँपालिका-७ बमनहरस्थित सडक खण्डमा सवारीसाधन तथा आवागमन जाँच गर्ने क्रममा ६० लिटर अवैध घरेलु मदिरा फेला परेको थियो। सुरक्षाकर्मीहरूको टोलीले स्थानीय बासिन्दा र जनप्रतिनिधिसामु उक्त घरेलु मदिरा तत्कालै घटनास्थलमै नष्ट गरेको जनाए ।

जिल्लामा शान्ति सुरक्षा कायम राख्न तथा सीमावर्ती क्षेत्रबाट हुने अवैध गतिविधि एवं चोरीपैठारी रोक्न प्रहरीले निगरानी र चेकजाँचलाई थप कडा पारेको छ । जिल्ला प्रहरी कार्यालय रौतहट प्रतिक्रिया दिँदै प्रहरी नायब उपरीक्षक वसन्त गौतमले अवैध ओसारपसार नियन्त्रण गर्न सुरक्षा निकाय पूर्ण रूपमा सक्रिय रहेको बताए । उनले आगामी दिनमा पनि यस्ता गैरकानूनी गतिविधिविरुद्धको अभियानलाई निरन्तरता दिइने जानकारी दिए ।

सुल्झिएन...

रकम नपाएपछि भट्टराई दम्पती सरकारी निकायका ढोका चहार्न बाध्य छन् । वर्षौंदेखि सरकारसँग गुहार माग्दा पनि रकम फिर्ता नभएको डिल्लीप्रसादको गुनासो छ । 'बुढेसकालको सहारा हुन्छ भनेर सहकारीमा राखेको पैसा सञ्चालकले खाइदिए,' उनले भने, 'ब्याजको त कुरै छाडौं, सावाँ पनि पाइनँ । हामीलाई कसले न्याय दिलाउँछ ? बिरामी पर्दा खर्चको अभाव हुँदा पनि आफ्नै पैसा निकाल्न पाइनँ ।'

भट्टराई दम्पतीको पीडा सिभिल सहकारीमा सीमित छैन । इच्छाराज तामाङसहितका सञ्चालकले करिब एक हजार ५०३ बचतकर्ताको झन्डै सात अर्ब रुपैयाँ हिनामिना गरेको आरोप छ । सहकारीको रकम व्यक्तिगत कम्पनी सिभिल होम्स प्रालिमार्फत घरजग्गा कारोबारमा लगानी गर्दा संस्था संकटमा परेको हो ।

सिभिल सहकारी एउटा उदाहरण मात्रै हो । देशका ठुला सहकारीमा बचतकर्ताको रकम फिर्ता नहुने समस्या गम्भीर बन्दै गएको छ । सरकारले सिभिलसहित २३ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरेको छ । थप ४० सहकारीका बचतकर्ताले पनि समस्याग्रस्त सूचीमा राख्न निवेदन दिएका छन् । तर, सरकारले पहिलो चरणमा सूचीकृत सहकारीको समस्या समाधान गर्ने र त्यसपछि अन्य संस्थाबारे प्रक्रिया अघि बढाउने जनाएको छ ।

सरकारले अध्यादेशमार्फत बचत फिर्ता र मापदण्डविपरीत काम गर्ने सञ्चालकमाथि कारबाहीका व्यवस्था अघि बढाए पनि कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । साना बचतकर्ताको रकम फिर्ता गर्ने काम भइरहेको सरकारी दाबी छ । तर, ठुलो रकम बचत गरेका नागरिकले आफ्नो पैसा कहिले फिर्ता पाउने भन्ने अझै निश्चित छैन ।

सरकारी नियमनमा कमजोरी

सरोकारवालाका अनुसार सहकारीको समस्या २०७५ सालदेखि नै गम्भीर बन्दै गएको थियो । तर, मापदण्डविपरीत कारोबार गर्ने संस्थाको समयमै नियमन हुन नसक्दा लाखौं नागरिकको अर्बौं रुपैयाँ जोखिममा परेको हो ।

सहकारी पत्रकार समाजका अध्यक्ष अर्जुन खतिवडाका अनुसार समस्याग्रस्त घोषणा नभएका सहकारीमा समेत ठुलो रकम अपचलन भएको छ । ती संस्थाका बचतकर्ताको रकम खोजी गर्ने र समस्या समाधान गर्ने काम प्रभावकारी हुन नसकेको उनको भनाइ छ । 'समस्याग्रस्त सूचीमा नपरेका सयौं सहकारीका बचतकर्ताको करोडौं रकम अपचलन भएको छ,' खतिवडाले भने, 'त्यस्ता सहकारीका बचतकर्ताको पीडा न सहकारीले सुनेको छ, न सरकारी तहबाट आवश्यक पहल हुन सकेको छ ।' सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी छानबिन गर्न गठित सूर्यबहादुर थापा नेतृत्वको संसदीय विशेष समितिले २०८१ भदौमा प्रतिनिधिसभामा पेस गरेको प्रतिवेदनमा सहकारीमा रहेको ८७ अर्ब रुपैयाँभन्दा बढी रकम दुरुपयोग तथा हिनामिना भएको उल्लेख गरेको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले चुनावी वाचापत्रमा सरकार बनेको सय दिनभित्र साना बचतकर्ताको रकम फिर्ता गर्ने प्रतिबद्धता जनाएको थियो । तर, हालसम्म १० हजार रुपैयाँसम्म बचत गरेका केही बचतकर्ताले मात्रै रकम फिर्ता पाएको बताइएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले बचत फिर्तासँगै ऋण असुलीलाई पनि तीव्रता दिने बताउँदै आएकी छन् । ऋणीबाट रकम उठाउन फोहोर, बिजुली र पानीजस्ता सार्वजनिक सेवा रोक्नेसम्मका उपाय अपनाउने उनको भनाइ थियो । तर, घोषणा गरिएका योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् ।

सोमबार पनि मन्त्री रावलले समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता गर्ने काम अघि बढिरहेको बताइन् । बचत फिर्ता नगर्ने सहकारीलाई ताकेता गरिएको उल्लेख गर्दै उनले कानुन बनाएर समस्या समाधान गर्ने प्रतिबद्धता जनाइन् ।

सहकारीमा बचत गर्नु नागरिकको गल्ती नभएको बताउँदै उनले अदालतमा विचाराधीन मुद्दा छिटो टुंग्याउन सर्वोच्च अदालतका न्यायाधीशसँग छलफल गरी सहकारी सम्बन्धी मुद्दा हेर्न विशेष डेस्कको व्यवस्था गर्न अनुरोध गरिएको जानकारी दिइन् । अदालतका मुद्दा टुंगिन समय लाग्दा बचत फिर्ताको प्रक्रिया पनि प्रभावित भएको उनको भनाइ छ ।

चार हजार बचतकर्ताले पाए रकम

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अनुसार हालसम्म करिब चार हजार बचतकर्ताको रकम पूर्ण, आंशिक वा बचत मिलानमार्फत फिर्ता गरिएको छ । समितिका अध्यक्ष डिल्लीराज आचार्यका अनुसार कान्तिपुर सेभिड, पशुपति, गोरखा, शिव शिखर र लालीगुराँसलगायत सहकारीका साना बचतकर्तालाई ऋण असुलीबाट प्राप्त रकम वितरण गरिएको छ ।

तर, २३ समस्याग्रस्त सहकारीका बचतकर्ताले अझै करिब ४६ अर्ब रुपैयाँ फिर्ता पाउन बाँकी छ । सरकारले चक्रीय राहत कोष स्थापना गरी आफ्नो तर्फबाट २५ करोड र सञ्चालकबाट ४० करोड गरी ६५ करोड रुपैयाँ जम्मा गरेको छ । यद्यपि, कुल बचत फिर्ताका लागि आवश्यक ४५ अर्ब रुपैयाँभन्दा बढी रकम जुटाउन बाँकी छ ।

समितिको तथ्यांकअनुसार करिब ७० हजार बचतकर्ताले ४२ अर्ब रुपैयाँ हाराहारीको बचत फिर्ता मागदाबी गरिसकेका छन् । थप चार अर्ब रुपैयाँबराबरको मागदाबी आउन बाँकी रहेको समितिले जनाएको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापनको प्रक्रिया आर्थिक वर्ष २०७४/७५ देखि सुरु भएको हो । पछिल्लो समय थप सहकारीका बचतकर्ताले भुक्तानी मागदाबी गरिरहेका छन् । समितिका सदस्यसचिव रविन ढकालका अनुसार पछिल्लो महिनामा मात्रै थप ६ हजार बचतकर्ताले रकम फिर्ताको मागदाबी गरेका छन् ।

लिलामीमा...

सिभिल मल दुवै सहकारीकै रकमबाट निर्माण गरिएका हुन् । सिटिसी सेन्टरका चार तलासम्मका फ्ल्याट र सटर बिक्री भइसकेका छन् भने पाँचौंदेखि दसौं तलासम्मका व्यवसायीलाई भाडा सरकारी खातामा जम्मा गर्न निर्देशन दिइएको छ ।

'सिटिसी भवन इच्छाराजको व्यक्तिगत कम्पनीका नाममा छ, तर भवनमा लगानी सहकारीको हो,' ढकालले भने ।

भाडावालालाई समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले तोकेको खातामा भाडा जम्मा गर्न पत्राचार गरिएको छ । भाडा जम्मा नगरे बक्यौता कायम गरी सम्बन्धित स्टलमा ताला लगाउने चेतावनीसमेत दिइएको छ । बचतकर्ताको रकम फिर्ता गर्न सिटिसी सेन्टरको व्यवस्थापन समितिको मातहतमा ल्याउने र सिभिल मललाई लिलामीमा लैजाने विषयमा छलफल भइरहेको ढकालले बताए ।

वर्षौंदेखि आफ्नो बचत फिर्ताको पर्खाइमा रहेका नागरिकका लागि सरकारी प्रतिबद्धता मात्रै पर्याप्त छैन । सहकारी सञ्चालकको सम्पत्ति पहिचान, ऋण असुली, कानुनी प्रक्रिया र रकम वितरणलाई प्रभावकारी बनाउन नसकिए बचतकर्ताको भरोसा पुनर्स्थापित गर्न कठिन हुनेछ ।

१३ लाख...

उपयोगबारे स्पष्टता नहुँदा वास्तविक भूमिहीनको समस्या समाधान हुन सकेको छैन ।

भूमिहीन समस्या सबै ठाउँमा एउटै प्रकृतिको छैन । आफ्नो वा परिवारको स्वामित्वमा जग्गा नभएका भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र सरकारी वा सार्वजनिक जग्गामा लामो समयदेखि बसोबास गरिरहेका अव्यवस्थित बसोबासीका समस्या फरक छन् । सार्वजनिक जग्गा संरक्षण र वास्तविक भूमिहीनको आवास अधिकारलाई एकअर्काको विपरीत राखेर मात्रै समाधान खोज्न सकिँदैन । जोखिमयुक्त स्थानमा रहेका परिवारको हकमा सुरक्षित स्थानान्तरण, जीविकोपार्जनको निरन्तरता र आधारभूत सेवाको सुनिश्चितताको लागि सरकारको आश्वासन मात्रै भएको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले जोखिमयुक्त स्थानमा बसोबास गर्ने भूमिहीनलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाइएको बताए पनि भूमिहिनका समस्या ज्यूँकात्यूँ छन् ।

हजार दिनभित्र होला समाधान ?

सरकारले हजार दिनभित्र समस्या समाधान गर्ने लक्ष्यलाई कार्यसम्पादन सूचकका रूपमा अघि सारेको छ । तर, उक्त लक्ष्य पूरा भएको मान्ने आधार के हुने भन्ने विषय स्पष्ट छैन । निवेदनको प्रमाणीकरण पूरा हुनु, लाभग्राही पहिचान हुनु, जग्गा उपलब्ध हुनु र लालपुर्जा वितरण हुनु फरकफरक चरण हुन् । सरकारले प्रत्येक जिल्लाको प्रगति, प्रमाणीकरणको अवस्था, वितरण हुन बाँकी परिवार र समाधानमा देखिएका अवरोधबारे नियमित विवरण सार्वजनिक गरे मात्रै नागरिकले लक्ष्यको प्रगति मूल्यांकन गर्न सक्छन् । हजार दिनको लक्ष्य अर्को घोषणा मात्र बन्ने कि दशकौंदेखि जग्गाको स्वामित्व र सुरक्षित आवासको प्रतीक्षामा रहेका परिवारको जीवनमा वास्तविक परिवर्तन ल्याउने अवसर बन्ने भन्ने कुरा सरकारको कार्यशैली, तथ्यांकको पारदर्शिता र वितरण प्रक्रियाको विश्वसनीयतामा निर्धारण गर्नेछ ।

२०८२ चैत १३ गते सरकारले सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीको बुँदा नं. ९१ मा भनिएको छ, 'देशभरका भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत संकलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने । हजार दिनभित्र समस्या समाधान गर्ने ।' ६ महिना पुग्न लाग्दासमेत भूमिहीनको समस्या समाधान हुन सकेको छैन । सरकारले २०८३ वैशाख २० गते अध्यादेशमार्फत भूमिसम्बन्धी ऐन, २०२१ को संशोधन (केही नेपाल ऐनमा समावेश गरी) गरेको थियो । यद्यपि, उक्त अध्यादेश सरकारले संसदमा पेस नै गरेन, निष्क्रिय हुन पुग्यो । उक्त अध्यादेशको व्यवस्थाबमोजिम गठन भएको भूमि समस्या समाधान समितिले भने काम गरिरहेको अवस्था छ । पर्याप्त कानुनी व्यवस्था नहुँदा सन्तोषजनक उपलब्धि यो समितिले पनि दिन सकिरहेको छैन । त्यस्तै, २०८३ जेठ ११ गते राजपत्रमा जारी भूमिसम्बन्धी नियमहरू २१औं संशोधनको व्यवस्थाअनुसार भूमि समस्या समाधान समिति गठन भएको छ । नियमको ४१क२. अनुसार वर्तमान समितिलाई जम्मा पाँच सय दिनको कार्यवधि तोकिएको छ ।

भूमिहीनको अधिकार 'लालपुर्जा'

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीले लालपुर्जा पाउनु राजनीतिक आश्वासन नभई उनीहरूको अधिकार भएको बताएकी छन् ।

भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीका समस्या र लालपुर्जा वितरण प्रक्रियाबारे छलफल गर्न तथा उनीहरूका गुनासा सुन्न चितवन पुगेकी मन्त्री रावलले यस्तो बताएकी हुन् । सोमबार भरतपुर महानगरपालिका-११, गणेशस्थानमा स्थानीयसँग छलफल गर्दै उनले विगतमा लालपुर्जा वितरणको विषयलाई राजनीतिक लाभका लागि प्रयोग गरिएको उल्लेख गरिन् । उनले भनिन्, 'लालपुर्जा र राजनीतिलाई सँगै जोड्नु हुँदैन । तपाईंहरूले लालपुर्जा पाउनुपर्छ, त्यो तपाईंहरूको अधिकारको कुरा हो ।' मन्त्री रावलले भूमिहीन तथा सुकुम्वासीलाई लालपुर्जा वितरणमा रहेका नीतिगत बाधा सरकारले अध्यादेशमार्फत हटाइसकेको उल्लेख गर्दै अब प्रक्रिया छिटो अघि बढाउन स्थानीय तह र भूमि समस्या समाधानसम्बन्धी समितिलाई आग्रह गरिन् उनले भनिन्, 'अब नीतिले तपाईंहरूको हकमा लालपुर्जा दिन रोक्दैन, अब नियतको कुरा हो । स्थानीय तहले प्रक्रिया छिटो अघि बढाउनुपर्छ र भूमि समितिले काम शीघ्र टुंग्याउनुपर्छ ।' मन्त्री रावलले लालपुर्जा वितरणमा भएको ढिलाइका कारण भूमिहीन तथा सुकुम्वासीले लामो समयदेखि दुःख भोग्नुपरेको बताउँदै उनीहरूलाई छिटोभन्दा छिटो लालपुर्जा उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पारिन् ।

एकै...

ओमानमा ६२९, बहराइनमा ४८६, जापानमा ३०७, जोर्डनमा १०८, मौरिससमा ६७, श्रीलंकामा २९, टर्कीमा ११, माल्दिभ्समा १० र हङकङमा २ जना गएका छन् ।

असोजमा...

असोजमा एक सय र सोभन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीहरू :

प्याराडाइज इन्टरनेसनल प्रा.लि.- ५७८
अल स्किल इन्टरनेसनल ह्युमन रिसोर्स प्रा.लि.- ५२५
मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्ट्स सर्भिस प्रा.लि.- ३४०
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट्स प्रा.लि.- ३०५
नीलकमल ह्युमन रिसोर्स प्रा.लि.- २९९
शिवाकोटी म्यानपावर सर्भिस प्रा.लि.- २७८
ग्रिन तारा इन्टरनेसनल ओभरसिज सर्भिस प्रा.लि.- २६४
एसओएस म्यानपावर सर्भिस प्रा.लि.- २६२
आइडियल इन्टरनेसनल सर्भिस प्रा.लि.- २४७
इन्टरपिड रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- २४१
ब्रदर्स इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा.लि.- २३९
कन्टिनेन्टल एचआरडी कन्सल्ट्यान्ट्स प्रा.लि.- २३८
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- २२३
एसिया लिंक सर्भिस प्रा.लि.- २२१
मास ह्युमन रिसोर्स प्रा.लि.- २२०
सनलाइट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- २२०
वाहा म्यानपावर सप्लायर प्रा.लि.- २१२
अक्सफोर्ड इन्टरनेसनल प्रा.लि.- २१०
रिलायवल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- २०८
एचएमटी ओभरसिज प्रा.लि.- १९१
आयुष ओभरसिज प्रा.लि.- १९०
सेरोन म्यानपावर सेवा प्रा.लि.- १८८
एमबी ह्युमन रिसोर्स प्रा.लि.- १८३
दाना ह्युमन रिसोर्स नेपाल प्रा.लि.- १८१
सान नेपाल प्रा.लि.- १७८
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- १७८
भिजन एन्ड भ्यालु ओभरसिज प्रा.लि.- १७८
राज ग्रुप अफ कम्पनी प्रा.लि.- १७६
नाइस रिक्रुटिङ एजेन्सी प्रा.लि.- १७५
लगइन इन्टरनेसनल ओभरसिज रिक्रुटिङ प्रा.लि.- १७२
लक्ष्मी रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १६७
साउन्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- १६४
स्किल्स ग्रुप एचआर रिक्रुटमेन्ट प्रा.लि.- १६१
होप इन्टरनेसनल प्रा.लि.- १५७
इमपावर हन्टर एचआर सोलुसन प्रा.लि.- १५५
ओमेगा इन्टरनेसनल प्रा.लि.- १५४
लुलु इन्टरनेसनल प्रा.लि.- १५४
सिगल इन्टरनेसनल ग्लोबल एचआर कन्सल्ट्यान्ट्स प्रा.लि.- १४९
जब सिकर म्यानपावर प्रा.लि.- १४९
मदरल्यान्ड ओभरसिज प्रा.लि.- १४७
लिडर ओभरसिज प्रा.लि.- १४६
इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- १४४
वर्ल्डवेज म्यानपावर इंक प्रा.लि. १४३
थिंक बिज इन्टरनेसनल प्रा.लि.- १४३
अर्थ स्मार्ट ह्युमन रिसोर्सेस नेपाल प्रा.लि.- १४२
स्ट्राइकफोर्स एसिया रिक्रुटमेन्ट प्रा.लि.- १४०
विन रिक्रुटमेन्ट प्रा.लि.- १३७
स्टुपा ओभरसिज सर्भिसेस प्रा.लि.- १३४
लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिसेस प्रा.लि.- १३३
मेरिडियन ओभरसिज प्रा.लि.- १३२
वाइड स्पेस इन्टरनेसनल प्रा.लि.- १३२
रोयल एन्ड पार्टनर्स सर्भिसेस प्रा.लि.- १३१
आस्था इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा.लि.- १२९
सागर रिक्रुटमेन्ट प्रा.लि.- १२९
द रिभर ओभरसिज प्रा.लि.- १२८
अल सहिद ओभरसिज प्रा.लि.- १२३
टोपाज इन्टरनेसनल प्रा.लि.- १२२
नुन रिसोर्सेस प्रा.लि.- १२०
रसुवा ओभरसिज प्रा.लि.- ११९
ग्रिनल्यान्ड सर्भिस प्रा.लि.- ११९
शिखर इन्टरनेसनल ह्युमन रिसोर्स सर्भिस प्रा.लि.- ११९
वर्ल्ड नेट रिक्रुटमेन्ट कन्सल्ट्यान्ट्स प्रा.लि.- ११५
अम्बे इन्टरनेसनल एचआर नेपाल प्रा.लि.- ११४
लकी एचआर सोलुसन प्रा.लि.- ११३
आरोही एचआर सोलुसन प्रा.लि.- ११३
इगल म्यानपावर कन्सल्ट्यान्ट प्रा.लि.- ११३
सान एबी इन्टरनेसनल प्रा.लि.- ११३
स्टाफिड सोलुसन प्रा.लि.- ११२
स्काइ स्टार रिक्रुटमेन्ट प्रा.लि.- ११२
लक्ष्य कन्सल्ट्यान्ट्स ह्युमन रिसोर्स प्रा.लि.- १११
स्काइ ब्लु इन्टरनेसनल ओभरसिज प्रा.लि.- ११०
कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रा.लि.- १०७
ग्लोबल सोर्सिङ ग्रुप प्रा.लि.- १०६
आकर्षण इन्टरनेसनल प्रा.लि.- १०६
डिके रिभर ओभरसिज प्रा.लि.- १०५
कालिका ह्युमन रिसोर्स प्रा.लि.- १०४
फेवा ओभरसिज प्रा.लि.- १०२
एम्स ओभरसिज प्रा.लि.- १०२
इन्डो अरब म्यानपावर प्रा.लि.- १००
आइएमजी नेपाल प्रा.लि.- १००
न्यु गोर्खाज इन्टरनेसनल प्रा.लि.- १००

पत्रकाउ...

वैदेशिक रोजगार ऐन, २०६४ लगायत प्रचलित कानुनबमोजिम उनीहरूको बैंकिङ कारोबार हुने खाता तथा यात्रा अनुमति रोक्का राख्नेलगायत आवश्यक कानुनी कारबाहीको प्रक्रिया अघि बढाइने विभागले जनाएको छ ।

विभागले गत साउन ५ गतेदेखि मुद्दा फछ्यौंट गर्ने कार्यलाई तीव्रता दिने भन्दै उजुरी तथा मुद्दा व्यवस्थापन प्रणालीमा अनलाइन उजुरी लिन सुरु गरेको थियो । उक्त प्रणालीमा वैदेशिक रोजगार ठगीमा परेका व्यक्तिले प्रमाणसहित अनलाइन माध्यमबाट उजुरी दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ ।

राजधानीका रुख कटानमा सफाइ, भ्रष्टाचार मुद्दा कायमै

लुम्बिनी प्रदेशको स्थायी राजधानी देउखुरीमा सडक किनारका रुख कटान प्रकरणमा उच्च अदालत तुलसीपुरले राप्ती गाउँपालिकाका अध्यक्षसहितका प्रतिवादीलाई सफाइ दिएको छ । असल नियत, व्यक्तिगत लाभको प्रमाण अभाव र कानुनी क्षेत्राधिकारसम्बन्धी प्रश्नलाई अदालतले सफाइका आधार मानेको छ । तर, यही प्रकरणमा अस्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।



दीपक बोहरा / मध्यान्ह
दाङ, ९ कार्तिक

लुम्बिनी प्रदेशसभाले २०७७ असोज २० गते प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) तोक्यो । तर, निर्णय भएको दुई वर्षसम्म पनि राजधानी स्थानान्तरण हुन सकेन । तत्कालीन मुख्यमन्त्री शंकर पोखरेलको कार्यकालमा राजधानी तोकिए पनि प्रदेश सरकारका प्रशासनिक काम बुटवलबाटै सञ्चालन भइरहेका थिए । पोखरेल सरकार ढलेपछि कुलप्रसाद केसी मुख्यमन्त्री बने । तर, राजधानी कार्यान्वयनको कामले गति लिन सकेन । लामो समयसम्म पनि राजधानी नसरेपछि देउखुरीवासी निराश थिए । अन्ततः केसी नेतृत्वको सरकारले २०७९ मंसिरदेखि भालुवाङबाट प्रशासनिक काम सुरु गर्ने प्रक्रिया अघि बढायो ।

त्यतिबेला प्रदेशसभा भवनलगायत आवश्यक संरचना निर्माण भइसकेका थिएनन् । त्यसैले लालमटियास्थित प्राविधिक शिक्षालयका भवन मर्मत गरेर मन्त्रालय र अन्य प्रशासनिक काम सञ्चालन गर्ने तयारी गरियो ।

राजधानी कार्यान्वयनको खबरले स्थानीयमा उत्साह थपियो । उनीहरूले पूर्व-पश्चिम राजमार्ग आसपास सरसफाइ तथा सौन्दर्यकरण अभियान चलाए । अभियानका क्रममा सडक किनारका रुखसमेत काटिए । यही घटनाले राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टसहितका जनप्रतिनिधि र स्थानीयलाई वनसम्बन्धी मुद्दामा तान्यो ।

दाङ जिल्ला अदालतले केही प्रतिवादीलाई कैद सजाय सुनाए पनि उच्च अदालत तुलसीपुरले उक्त फैसला उल्टाउँदै सबै प्रतिवादीलाई सफाइ दिएको छ। उच्च अदालतका न्यायाधीशद्वय दुर्गाबहादुर विश्वकर्मा र यज्ञबहादुर राना मगरको संयुक्त इजलासले २०८३ भदौ २ गते पुनरावेदनमा अन्तिम फैसला गरेको हो । फैसलाको पूर्णपाठ केही दिनअघि सार्वजनिक भएको छ ।

कसरी सुरु भयो विवाद ?

राप्ती गाउँपालिकाले २०७९ मंसिर १९ गते सरसफाइ तथा सौन्दर्यकरण अभियानमा सहभागी हुन सार्वजनिक आह्वान गरेको थियो। त्यसको भोलिपल्ट सडक डिभिजन कार्यालय दाङले महेन्द्र राजमार्गको धानखोलादेखि शिवखोलासम्म सडकको केन्द्रबिन्दुबाट दायाँ-बायाँ ३१-३१ मिटरभित्रका भौतिक संरचना र अन्य सामग्री हटाउन १५ दिने सूचना जारी गऱ्यो ।

त्यसपछि स्थानीयले सडक किनारका झाडी र रुखविरुवा काटे । वन प्राविधिकले स्थलगत अनुगमन गर्दा तत्कालीन राप्ती गाउँपालिका-१ भालुवाङदेखि लमही नगरपालिका-४ अर्नवासम्म विभिन्न जातका २ हजार ७२४ रुखका ठुटा फेला परेको प्रतिवेदन तयार गरे ।

ती रुखबाट ४० हजार ५५५ घनफिट काठ कटान भएको र वन पैदावारमा ८१ लाख ३७ हजार ९०० रुपैयाँ बराबरको क्षति पुगेको दाबी गरिएको थियो । घटनास्थलबाट २५० थान गोलिया काठसमेत बरामद भएको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ ।

वन अनुसन्धान र अभियोग

डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीका सहायक वन अधिकृत छोटेलाल चौधरीले २०७९ फागुन १२ र २५ गते प्रारम्भिक अनुसन्धान प्रतिवेदन पेस गरेका थिए ।

अनुसन्धानका क्रममा राप्ती गाउँपालिका-४ का तत्कालीन वडाध्यक्ष वीरबहादुर चौधरीले सडक किनारका तीनवटा सिमलका रुखबाट प्राप्त ७०६ दशमलव १३ घनफिट काठ गोलिया काठ प्रतिघनफिट दुई सय रुपैयाँका दरले बिक्री गरेको स्वीकार गरेका थिए । त्यसबाट प्राप्त एक लाख ४१ हजार २२६ रुपैयाँ वडाको नगदी रसिद काटेर आम्दानी बाँधिएको र रकम सामाजिक, शैक्षिक तथा स्वास्थ्य सर्वेक्षणमा खर्च गरिएको उनको बयान थियो ।

उक्त काठ निर्माण व्यवसायी अभिमान चौधरी, नन्दु गिरी र केशरबहादुर चौधरीले घर ढलानको सटरिङका लागि खरिद गरी झविन्द्रप्रसाद भण्डारी सञ्चालक रहेको नागिना स:मिलमा चिरान गराएको अनुसन्धानमा उल्लेख छ।

जिल्ला सरकारी वकिल कार्यालय दाङले २०८० मंसिर ४ गते नौ जनाविरुद्ध वन ऐन, २०७६ अनुसार मुद्दा दायर गऱ्यो । सरकारी पक्षले ८१ लाख ३७ हजार ९०० रुपैयाँ बिगो कायम गर्दै सजाय र काठ जफतको माग गरेको थियो ।

मुद्दा लाग्नेमा सडक डिभिजन कार्यालय दाङका तत्कालीन प्रमुख रामपुकार जयसवाल, गाउँपालिका अध्यक्ष प्रकाश विष्ट, वडाध्यक्षहरू वीरबहादुर चौधरी, गेमे खड्का र देवप्रसाद चौधरी, नागिना स:मिलका सञ्चालक झविन्द्रप्रसाद भण्डारी तथा काठ खरिदकर्ता अभिमान चौधरी, नन्दु गिरी र केशरबहादुर चौधरी थिए ।

जिल्ला अदालतले के भन्यो ?

दाङ जिल्ला अदालतले २०८२ पुस २ गते फैसला गर्दै सडक डिभिजनका तत्कालीन प्रमुख जयसवाललाई सफाइ दिएको थियो । अदालतले उनले जारी गरेको १५ दिने सूचना घरटहरा तथा निर्माण सामग्री हटाउने विषयमा केन्द्रित रहेको र रुख काट्न आदेश दिएको नदेखिएको ठहर गरेको थियो ।

अन्य प्रतिवादीका हकमा भने अदालतले आंशिक कसुर ठहर गऱ्यो । वडाध्यक्ष वीरबहादुर चौधरीले काठ बिक्री गरेको स्वीकार गरेकाले उनलाई एक महिना कैद र एक लाख ४१ हजार २२६ रुपैयाँ बिगो असुल गर्ने फैसला भयो । गाउँपालिका अध्यक्ष विष्ट, वडाध्यक्ष गेमे खड्का र देवप्रसाद चौधरी तथा व्यवसायी झविन्द्रप्रसाद भण्डारी, अभिमान चौधरी, नन्दु गिरी र केशरबहादुर चौधरीलाई जनही १५ दिन कैद सजाय सुनाइयो ।

तर, सरकारी पक्षले मागे गरेको ८१ लाख ३७ हजार ९०० रुपैयाँ बिगो भने जिल्ला अदालतले अस्वीकार गरेको थियो ।

उच्च अदालतले लिएका आधार

जिल्ला अदालतको फैसलाविरुद्ध सरकारी पक्ष र प्रतिवादी दुवै उच्च अदालत पुगे। उच्च सरकारी वकिल कार्यालय तुलसीपुरले प्रतिवादीहरूले मिलेमतोमा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएकाले सामूहिक दायित्वका आधारमा सम्पूर्ण बिगो असुल गर्नुपर्ने र जयसवाललाई समेत सजाय दिनुपर्ने जिकिर गऱ्यो । प्रतिवादीका कानुन व्यवसायीहरूले भने राजधानीको सौन्दर्यकरण र सडक व्यवस्थापनको असल नियतले काम गरिएको, व्यक्तिगत लाभ लिएको प्रमाण नभएको तथा सार्वजनिक सडक ऐन र वन ऐनको क्षेत्राधिकारबारे अन्योल रहेको तर्क गरे ।

उच्च अदालतले प्रमाण, कानुनी व्यवस्था र सर्वोच्च अदालतका नजिर विश्लेषण गर्दै सबै प्रतिवादीलाई सफाइ दियो । फैसलामा मुख्यतः पाँच आधार औंल्याइएका छन् ।

पहिलो, आपराधिक मनसाय पुष्टि नभएको । राजधानी कार्यान्वयनका क्रममा सडक सफाइ र सौन्दर्यकरण गर्ने निर्णय तथा सार्वजनिक सूचनाको सन्दर्भमा काम भएको देखिएको भन्दै रुख कटानलाई आपराधिक मनसायबाट प्रेरित कार्यका रूपमा पुष्टि गर्ने पर्याप्त प्रमाण नभएको अदालतको ठहर छ।

दोस्रो, व्यक्तिगत लाभ प्रमाणित नभएको । प्रतिवादीहरूले रुख काटेर व्यक्तिगत फाइदा लिएको ठोस र शङ्कारहित प्रमाण सरकारी पक्षले पेस गर्न नसकेको अदालतले जनाएको छ । वडाध्यक्षले काठ बिक्रीबाट प्राप्त रकम सरकारी आम्दानीमा बाँधी सार्वजनिक काममा खर्च गरेको विवरणलाई पनि अदालतले ध्यान दिएको छ ।

तेस्रो, कानुनी क्षेत्राधिकारको प्रश्न । सार्वजनिक सडक ऐन, २०३१ ले सडक आवागमनमा बाधा पुऱ्याउने झाडी तथा रुखविरुवा हटाउने र सडकको रेखदेख गर्ने विषय समेटेको अवस्थामा वन ऐनअन्तर्गत आपराधिक कसुर कायम गर्ने आधारबारे अदालतले प्रश्न उठाएको छ ।

चौथो, वन कार्यालयको भूमिकामा प्रश्न । घटनास्थल नजिकै रहेको वन कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र पर्ने गतिविधि रोक्न वा नियन्त्रण गर्न आवश्यक पहल नगरेको विषयलाई अदालतले फैसलामा उल्लेख गरेको छ । बैठक र निर्णयपछि भएको काममा अरूलाई मात्र दोषी ठहर गर्नु न्यायोचित नदेखिएको अदालतको भनाइ छ । पाँचौं, प्रमाण पेस गर्ने दायित्व पूरा नभएको । प्रमाण ऐन, २०३१ अनुसार फौजदारी मुद्दामा अभियुक्तको कसुर शङ्कारहित रूपमा प्रमाणित गर्ने दायित्व वादी पक्षको हुन्छ । कुन व्यक्तिले कति रुख काट्यो र कति क्षति पुऱ्यायो भन्ने ठोस प्रमाण पेस हुन नसकेको अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउने सिद्धान्त लागू हुने अदालतको निष्कर्ष छ ।

सफाइपछि पनि अख्तियारको भ्रष्टाचार मुद्दा

वनसम्बन्धी मुद्दामा उच्च अदालतबाट सफाइ पाए पनि यही प्रकरणमा प्रतिवादीहरूविरुद्ध अर्को कानुनी प्रक्रिया अघि बढेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी सम्पत्तिमा हानि-नोक्सानी पुऱ्याएको आरोपमा १५ भदौमा विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियारले रुख कटानसम्बन्धी काम अघि बढाउँदा प्रचलित कानुनी प्रक्रिया पूरा नगरेको आरोप लगाउँदै प्रतिवादीहरूबाट एक करोड ६९ लाख १६ हजार ४०३ रुपैयाँ बिगो असुल गर्न माग गरेको छ । मुद्दामा सडक डिभिजन कार्यालय दाङका तत्कालीन प्रमुख रामपुकार जयसवाल र डिभिजन वन कार्यालय दाङका तत्कालीन वन अधिकृत राजु क्षेत्रीसहित राप्ती गाउँपालिका अध्यक्ष प्रकाश विष्ट, वडाध्यक्षहरू गेमे खड्का र वीरबहादुर चौधरी तथा अन्य स्थानीय व्यक्तिहरूलाई प्रतिवादी बनाइएको छ। अख्तियारले अभिमान चौधरी, नन्दु गिरी, द्वारिकाप्रसाद भण्डारी र केशरबहादुर चौधरीबाट समेत बिगो असुल गर्न माग गरेको छ ।

यसरी एउटै घटनामा वनसम्बन्धी मुद्दामा उच्च अदालतबाट सफाइ पाएका प्रतिवादीहरू भ्रष्टाचार मुद्दाको सामना गरिरहेका छन्। उच्च अदालतको फैसला वन ऐनअन्तर्गतको अभियोगमा आधारित भए पनि अख्तियारको मुद्दा सरकारी सम्पत्तिमा हानि-नोक्सानी पुऱ्याएको आरोपसँग सम्बन्धित छ। त्यसैले दुवै मुद्दाको कानुनी आधार र निष्कर्षलाई अलग-अलग बुझ्नुपर्ने देखिन्छ ।

युएईमा रोजगार कम्पनी: SOBHA UAQP CONSTRUCTIONS L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०७/०५ चलानी नं.: ६०२६२६८५ L.T. No.: 348998

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	तलब वृद्धि	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Tile Layer	50	0	सम्बन्धित कामका दक्ष	1500	६१,८७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Bricklayer/ Mason	50	0		1500	६१,८७५							
3.	Blaster (Painter)	50	0		1500	६१,८७५							
4.	Scaffolder	50	0		1500	६१,८७५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १७ गते (3 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४८६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,७०० कामदारले | नि:शुल्क

वैदेशिक रोजगार विभिन्नवाट मरणदुखको जानकारी :- १. आफ्नो सामना भिसा प्राप्त भईसके पश्चिम भएमुर्दि मात्र कम्पनीमा लाई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम वर्ष जाने मृतकमा रहेको नेपाली कुटनैतिक मिसनको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफ्नु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. वस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँग्नुहोला । ४. विदेश जाने अघि अनिवार्यरुपमा वा इजाजतमा तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जाने अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहनेगरि घरेर माग सम्बन्धित पक्षमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफ्नुसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा टिकट सम्बाधना हुनु । ७. वस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचापना सम्पर्क गर्नु होला ।

Govt. License No.:1470/074/075
ADVANCED MANAGEMENT CONSULTANTS manpower supply & recruitment consultant
Samakhushi, Kathmandu ☎ 01-4964211, 4974211
cvtoamc@gmail.com www.amgroup.com.np

कुवेतमा रोजगार कम्पनी: CENTRAL INDIA ENTRANCE MARKET COMPANY / ABDULLAH MANNAA ABDULLAH MESHKES & PARTNERS शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०७/०५ चलानी नं.: ६०२६२७५७ LT.No.: 349795

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	तलब वृद्धि	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cashier	5	5	सम्बन्धित कामका दक्ष	160	७८,३७६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Indoor Cleaner	3	2		120	५८,७८२							
3.	Salesman	5	5		150	७३,४७७							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४८६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,७०० कामदारले | नि:शुल्क

वैदेशिक रोजगार विभिन्नवाट मरणदुखको जानकारी :- १. आफ्नो सामना भिसा प्राप्त भईसके पश्चिम भएमुर्दि मात्र कम्पनीमा लाई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम वर्ष जाने मृतकमा रहेको नेपाली कुटनैतिक मिसनको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफ्नु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. वस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँग्नुहोला । ४. विदेश जाने अघि अनिवार्यरुपमा वा इजाजतमा तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जाने अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहनेगरि घरेर माग सम्बन्धित पक्षमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफ्नुसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा टिकट सम्बाधना हुनु । ७. वस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचापना सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd. Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497, Contact : 9849036098, 9823461212 (Ujjwal Raut),
9704026025, 971-2028603, Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

ओमनमा रोजगार कम्पनी : Al Ahli Global projects शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८३/०७/०५ चलानी नं.: ६०२६२७४१ LT. No.349790

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	तलब वृद्धि	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	cleaners / public building	5	5	स. काममा दक्ष	100	३५४६६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ देखि २० गतेसम्म (3 to 6 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २४८६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,७०० कामदारले | नि:शुल्क

वैदेशिक रोजगार विभिन्नवाट मरणदुखको जानकारी :- १. आफ्नो सामना भिसा प्राप्त भईसके पश्चिम भएमुर्दि मात्र कम्पनीमा लाई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम वर्ष जाने मृतकमा रहेको नेपाली कुटनैतिक मिसनको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफ्नु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. वस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँग्नुहोला । ४. विदेश जाने अघि अनिवार्यरुपमा वा इजाजतमा तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जाने अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहनेगरि घरेर माग सम्बन्धित पक्षमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफ्नुसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा टिकट सम्बाधना हुनु । ७. वस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचापना सम्पर्क गर्नु होला ।

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.
इजाजत नं.: ८७५/०६५/०६६
Milijuli Marg, Chakrapath-04, Kathmandu, Nepal | Tel : 01-5926707
E-mail: Swifthrgroup@gmail.com, Contact No : 9851363948 (Prakash Kuwar), 9808270475 (Sushil Ale) .

कतारमा रोजगार कम्पनी : KARAK MQANES शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८३/०४/१२ चलानी नं.: ६०२५८८५१ L.T. No.: 345647 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	तलब वृद्धि	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Waiter Coffee Server	1	2	स. काममा दक्ष	1500	६२४७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४८६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,७०० कामदारले | नि:शुल्क

वैदेशिक रोजगार विभिन्नवाट मरणदुखको जानकारी :- १. आफ्नो सामना भिसा प्राप्त भईसके पश्चिम भएमुर्दि मात्र कम्पनीमा लाई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम वर्ष जाने मृतकमा रहेको नेपाली कुटनैतिक मिसनको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफ्नु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. वस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँग्नुहोला । ४. विदेश जाने अघि अनिवार्यरुपमा वा इजाजतमा तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जाने अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहनेगरि घरेर माग सम्बन्धित पक्षमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफ्नुसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा टिकट सम्बाधना हुनु । ७. वस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचापना सम्पर्क गर्नु होला ।

FLYING OVERSEAS PVT.LTD
Govt. Lic No.: 1827/082/083
Gopi Krishna Marga, Chabahil-7, Kathmandu, Nepal, Phone : +977-01-5929279, 5929249,
Ajay Kumar Rajak Contact No : 9768528899, Email: flyingoverseas432@gmail.com,
info@flyingoverseasnepal.com, Web: www.flyingoverseasnepal.com

युएईमा रोजगार कम्पनी: NATIONAL CATERING COMPANY LIMITED-WLL शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/२२ चलानी नं.: ६०२४२७६४ L.T. No.: 328765 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	तलब वृद्धि	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Kitchen Helper	8	0	सम्बन्धित कामका दक्ष	1000	४१२४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	famale cleaners	0	9		1000	४१२४०							
3.	Cleaner General	2	0		800	३३०००							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४८६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,७०० कामदारले | नि:शुल्क

वैदेशिक रोजगार विभिन्नवाट मरणदुखको जानकारी :- १. आफ्नो सामना भिसा प्राप्त भईसके पश्चिम भएमुर्दि मात्र कम्पनीमा लाई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम वर्ष जाने मृतकमा रहेको नेपाली कुटनैतिक मिसनको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफ्नु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. वस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँग्नुहोला । ४. विदेश जाने अघि अनिवार्यरुपमा वा इजाजतमा तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जाने अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहनेगरि घरेर माग सम्बन्धित पक्षमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफ्नुसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा टिकट सम्बाधना हुनु । ७. वस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचापना सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT.LTD.
Govt Lic. No.: 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Saroj Gautam : 9851038901, Basant Rana : 9801026390

Malaysia मा रोजगार AKAR SECURITY SERVICES SDN. BHD.
पूर्व स्वीकृती मिति: २०८३/०७/०९ चलानी नं. ६०२६२७२७ LTNo. : 349643

सि. नं.	कामदारको पद	स्वार संख्या पुरुष	स्वार संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब नेरू.	ओभरटाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Security Guard	50	0	सम्बन्धित कामका दक्ष	1700	६३,१७५।-	क. नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छैन	छ	२ वर्ष

स्वदेशमा मर्ने मेडिकलको खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा मर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारम

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

शंका होइन, संवाद

वैदेशिक रोजगारी अहिले लाखौं नेपाली परिवारको आर्थिक आधार बनेको छ । यसले घरखर्च चलाउन, बालबालिकालाई शिक्षा दिन र जीवनस्तर सुधार्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । तर, रोजगारीका लागि लामो समय परिवारबाट टाढा रहनुपर्ने बाध्यता, आपसी अविश्वास र संवादको कमीले कतिपय परिवारमा गम्भीर समस्या निम्त्याइरहेको छ । रेमिट्यान्सको मूल्य पारिवारिक विग्रह हुनुहुँदैन । पारिवारिक विवादले हत्या र आत्महत्याजस्ता भयावह रूप लिनु समाजका लागि चिन्ताको विषय बनेको छ ।

वैदेशिक रोजगारी आफैंमा पारिवारिक विघटनको कारण होइन । लामो समय अलग रहँदा भावनात्मक दूरी बढ्नु, एकअर्काको अवस्था नबुझ्नु र सम्बन्धप्रति असुरक्षा पैदा हुनुले विवाद बढाउन सक्छ । सामाजिक सञ्जालबाट फैलिने भ्रम, अरूका कुरा सुनेर गरिने शंका र आर्थिक कारोबारसम्बन्धी विवादले पनि सम्बन्धमा दरार ल्याउन सक्छन् । तर, यी कुनै पनि कारण हिंसालाई उचित ठहर गर्ने आधार बन्न सक्दैनन् ।

सम्बन्धमा समस्या आउनु सामान्य भए पनि त्यसको समाधान हिंसाबाट खोज्नु गलत बाटो हो । असहमति, अविश्वास वा सम्बन्धविच्छेदको अवस्था आए संवाद, परामर्श र कानुनी प्रक्रियाको बाटो रोज्नुपर्छ । श्रीमान् वा श्रीमतीमध्ये कसैले पनि अर्को व्यक्तिको जीवन, स्वतन्त्रता र निर्णयमाथि स्वामित्व जमाउन पाउँदैन । सम्बन्ध टुट्न सक्छ, तर त्यसकै कारण कसैको जीवन खोस्ने अधिकार कसैलाई हुँदैन ।

यस्ता घटना रोक्न परिवार र समाजको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । दम्पतीबीच विवाद हुँदा पक्ष लिएर शंका बढाउने, अपमान गर्ने वा समस्या लुकाउन दबाब दिने प्रवृत्ति निरूत्साहित गर्नुपर्छ । परिवारका सदस्यले पनि आरोप र अनुमानका आधारमा निष्कर्ष निकाल्नुको सट्टा दुवै पक्षको कुरा सुन्ने वातावरण बनाउनुपर्छ । घरेलु हिंसाका संकेत देखिए त्यसलाई निजी पारिवारिक मामिला भन्दै बेवास्ता गर्नु हुँदैन ।

राज्यले वैदेशिक रोजगारीमा जाने व्यक्ति र उनीहरूका परिवारलाई लक्षित मनोसामाजिक परामर्श तथा पारिवारिक सम्बन्धसम्बन्धी कार्यक्रम विस्तार गर्नुपर्छ । स्थानीय तह, प्रहरी र सामाजिक संस्थाबीच समन्वय गरी समस्यामा परेका परिवारले समयमै सहयोग पाउने व्यवस्था आवश्यक छ । हिंसाको जोखिममा रहेका व्यक्तिको सुरक्षा, कानुनी संरक्षण र उजुरी गर्ने सहज वातावरणलाई प्राथमिकता दिनुपर्छ ।

वैदेशिक रोजगारीबाट आर्थिक समृद्धि हासिल गर्नु महत्त्वपूर्ण छ, तर त्यसका लागि पारिवारिक शान्ति र मानवीय सम्बन्धको मूल्य चुकाउनु हुँदैन । शंकाको ठाउँमा विश्वास, आरोपको ठाउँमा संवाद र आवेगको ठाउँमा समझदारी विकास गर्न सके मात्रै परिवार सुरक्षित बन्न सक्छ । आर्थिक उन्नतिसँगै भावनात्मक स्वास्थ्य र पारिवारिक सुरक्षालाई पनि समान महत्त्व दिनु आजको आवश्यकता हो ।

संवेदनहीन सामाजिक सञ्जाल

सामाजिक सञ्जाल अभिव्यक्ति र न्यायको आवाज उठाउने प्रभावकारी माध्यम हो । तर, यसको दुरुपयोगले पीडितमाथि थप पीडा, गोपनीयताको उल्लंघन र चरित्रहत्या निम्त्याइरहेको छ । अनुसन्धान र न्यायिक प्रक्रियाअघि नै कसैलाई दोषी वा निर्दोष ठहर गर्ने प्रवृत्ति बढ्दो छ । भाइरल हुने होडमा मानवीय संवेदना हराउँदै जाँदा सभ्य समाज निर्माणमै चुनौती थपिएको छ ।

अग्रलेख



● झलक शर्मा



सामाजिक सञ्जाल आज नागरिकको अभिव्यक्ति, सूचना आदानप्रदान र अन्यायविरुद्ध आवाज उठाउने प्रभावकारी माध्यम बनेको छ । परम्परागत सञ्चारमाध्यमसम्म पहुँच नपुग्ने नागरिकले पनि आफ्ना समस्या सार्वजनिक गर्न, पीडितले न्यायको माग गर्न र राज्यलाई जवाफदेही बनाउन सामाजिक सञ्जालको सहारा लिने गरेका छन् । कतिपय घटनामा सामाजिक सञ्जालमा उठेको आवाजले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ । दबाइएका विषय सार्वजनिक भएका छन् । न्यायको खोजीमा रहेका नागरिकले आफ्नो कुरा राख्ने ठाउँ पाएका छन् । तर, यही माध्यमको दुरुपयोगले व्यक्ति र समाजलाई गम्भीर क्षति पुऱ्याउने प्रवृत्ति पनि बढ्दै गएको छ ।

विशेषगरी यौन दुर्व्यवहार, हिंसा र अन्य संवेदनशील घटनामा सामाजिक सञ्जालको भूमिका जटिल बन्दै गएको छ । पीडितले न्यायको माग गर्दै घटना सार्वजनिक गर्नु र सामाजिक सञ्जाल प्रयोगकर्ताले त्यसलाई सनसनीपूर्ण सामग्री बनाएर फैलाउनु फरक कुरा हुन् । पीडितको आवाज सार्वजनिक हुनु आवश्यक हुन सक्छ, तर त्यसका नाममा निजको गोपनीयता, प्रतिष्ठा र आत्मसम्मानमाथि आघात पुऱ्याउनु कुनै पनि दृष्टिले उचित हुँदैन । न्यायको माग गर्ने व्यक्तिलाई थप पीडा दिने, उसको व्यक्तिगत जीवन खोतल्ने र चरित्रमाथि प्रश्न उठाउने प्रवृत्तिले न्यायको उद्देश्य नै कमजोर बनाउँछ ।

सामाजिक सञ्जाल अदालत होइन । यहाँ सार्वजनिक भएको आरोप आफैंमा कसैको अपराध प्रमाणित गर्ने आधार बन्न सक्दैन । कुनै घटनाबारे जानकारी प्राप्त भएपछि त्यसको सत्यतथ्य अनुसन्धान गर्ने, प्रमाण संकलन गर्ने र कानुनअनुसार निष्कर्षमा पुग्ने जिम्मेवारी सम्बन्धित निकायको हो । आरोप लाग्दैमा कसैलाई दोषी ठहर गर्नु र आरोप अस्वीकार गरेकै आधारमा उजुरीकर्तालाई झुटो करार गर्नु दुवै गलत हुन् । सामाजिक सञ्जालमा फैलिएको आक्रोश, समर्थन वा विरोधले न्यायिक प्रक्रियालाई निर्देशित गर्ने अवस्था सिर्जना हुनु हुँदैन ।

तर, पछिल्लो समय सामाजिक सञ्जालमा कुनै घटना सार्वजनिक हुनासाथ प्रयोगकर्ताहरू पक्ष र विपक्षमा विभाजित हुने, अपुष्ट सूचना फैलाउने र सम्बन्धित व्यक्तिलाई गालीगलौज गर्ने प्रवृत्ति बढेको छ । घटनाको पृष्ठभूमि, प्रमाण र कानुनी प्रक्रियाबारे जानकारी नहुँदै व्यक्तिको चरित्रमाथि फैसला सुनाउने हतारो देखिन्छ । कसैले एउटा पक्षको कुरा सार्वजनिक गरेकै भरमा उसलाई पूर्ण सत्य मान्ने र अर्को पक्षलाई अपराधी घोषणा गर्ने प्रवृत्तिले निष्पक्ष अनुसन्धानमा समेत दबाब सिर्जना गर्न सक्छ । यस्तो व्यवहारले न्यायको खोजीलाई सहयोग गर्दैन, बरु पूर्वाग्रह र सामाजिक विभाजनलाई बलियो बनाउँछ ।

अझ दुःखद पक्ष, पीडितको पीडालाई कतिपयले लोकप्रियता कमाउने माध्यम बनाइरहेका छन् । संवेदनशील घटनाको भिडियो, तस्बिर वा व्यक्तिगत विवरण सार्वजनिक गर्ने, पीडितको अनुहार देखाएर अन्तर्वार्ता लिने र घटनाका निजी पक्षलाई सनसनीपूर्ण ढंगले प्रस्तुत गर्ने होड चलेको छ । यस्ता सामग्रीले तत्काल धेरै दर्शक र प्रतिक्रिया पाउन सक्छन् । तर, त्यसको सामाजिक र मानसिक मूल्य पीडितले चुकाउनुपर्ने हुन्छ । एकपटक सार्वजनिक भएको व्यक्तिगत सामग्री लामो समयसम्म इन्टरनेटमा रहन सक्छ । त्यसले पीडितलाई पटकपटक पुरानो घटनाको सामना गर्न बाध्य बनाउँछ र सामान्य जीवनमा फर्किन कठिन बनाउँछ ।

यस्तो अवस्थामा सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सामग्री उत्पादन गर्ने व्यक्तिहरूले आफ्नो जिम्मेवारी बुझ्न आवश्यक छ । पत्रकारिता केवल घटना सार्वजनिक गर्नु मात्र होइन, सार्वजनिक गर्दा कसलाई कस्तो असर पर्छ भन्नेबारे संवेदनशील हुनु पनि हो । पीडितको सहमति, गोपनीयता, सुरक्षा र सम्मानलाई प्राथमिकता दिनुपर्छ । विशेषगरी यौन हिंसासम्बन्धी घटनामा पीडितको पहिचान खुल्ने विवरण सार्वजनिक गर्नु गम्भीर विषय हो । भ्युज, लाइक र सेयर बढाउने उद्देश्यले पीडितको पीडालाई मनोरञ्जन वा व्यापारको सामग्री बनाउनु व्यावसायिक र मानवीय दुवै दृष्टिले अनुचित छ ।

कोहलपुरस्थित थापा पोलिक्लिनिकमा भएको भनिएको घटनाले पनि संवेदनशील आरोपलाई कसरी जिम्मेवार ढंगले सम्बोधन गर्नुपर्छ भन्ने प्रश्न उठाएको छ । यस्ता घटनामा उजुरीकर्ताको भनाइलाई गम्भीरतापूर्वक लिनु, आवश्यक अनुसन्धान सुनिश्चित गर्नु र सम्भावित पीडितको सुरक्षा तथा गोपनीयता कायम गर्नु राज्यको दायित्व हो । त्यसैगरी आरोपितलाई पनि निष्पक्ष अनुसन्धान र कानुनी प्रतिरक्षाको अधिकारबाट वञ्चित गर्न मिल्दैन । सार्वजनिक चासोको विषय हुँदैमा अपुष्ट विवरण फैलाउने वा अनुसन्धानको निष्कर्ष आउनुअघि नै कसैलाई दोषी घोषणा गर्ने छुट कसैलाई हुँदैन । घटनाको सत्यतथ्य स्थापित गर्ने काम प्रमाण र कानुनी प्रक्रियाबाट हुनुपर्छ ।

यौन दुर्व्यवहारका चर्चित घटनामा देखिने अर्को समस्या पीडितलाई नै दोषी ठहर गर्ने प्रवृत्ति हो । पीडितको पहिरन, व्यवहार, सम्बन्ध, विगत वा घटनापछि उसले व्यक्त गरेको प्रतिक्रियालाई आधार बनाएर प्रश्न उठाइन्छ । कतिपय अवस्थामा आरोपितको सामाजिक प्रतिष्ठा, लोकप्रियता वा प्रभावका आधारमा घटनालाई हेर्ने गरिन्छ । यसले न्यायको समान सिद्धान्तलाई कमजोर बनाउँछ । कुनै व्यक्ति लोकप्रिय, शक्तिशाली वा चर्चित छ भन्दैमा उसमाथि लागेको आरोप स्वतः गलत हुँदैन । त्यसैगरी आरोप लाग्दैमा उसलाई अपराधी ठहर गर्न पनि मिल्दैन । दुवै पक्षका अधिकार र मर्यादाको सम्मान गर्दै प्रमाणका आधारमा निष्कर्षमा पुग्नु नै न्यायको सही बाटो हो ।

गौशाला-२६ प्रकरणलगायत चर्चामा आएका यौन दुर्व्यवहारसम्बन्धी घटनाले पनि सार्वजनिक बहसमा पीडितको पहिचान, गोपनीयता र न्यायिक प्रक्रियाप्रतिको सम्मान कति महत्त्वपूर्ण छ भन्ने देखाएका छन् । यस्ता घटनामा सामाजिक सञ्जाल प्रयोगकर्ताले पीडितको पहिचान खुल्ने सामग्री खोज्ने, फैलाउने वा व्यक्तिगत जीवनबारे अड्कलबाजी गर्ने काम गर्नु हुँदैन । अदालतको निष्कर्ष, अनुसन्धानका तथ्य र सार्वजनिक रूपमा प्रमाणित विवरणका आधारमा मात्रै घटनाबारे धारणा बनाउनु उचित हुन्छ । न्यायिक प्रक्रियाको सम्मान गर्नु भनेको पीडितको आवाज दबाउनु होइन, आरोपको निष्पक्ष छानबिन र सबै पक्षका कानुनी अधिकारको संरक्षण सुनिश्चित गर्नु हो ।

यसमा परिवार, समाज, राज्य र सञ्चारमाध्यम सबैको भूमिका महत्त्वपूर्ण हुन्छ । पीडितलाई दोषारोपण गर्नुको सट्टा आवश्यक सहयोग, परामर्श र कानुनी सहायता उपलब्ध गराउनुपर्छ । अनुसन्धान गर्ने निकायले निष्पक्षता र संवेदनशीलता कायम गर्नुपर्छ । सञ्चारमाध्यमले तथ्य पुष्टि नगरी समाचार सम्प्रेषण गर्ने, पहिचान खुल्ने विवरण सार्वजनिक गर्ने वा घटनालाई उत्तेजक शीर्षकमा प्रस्तुत गर्ने प्रवृत्तिबाट बच्नुपर्छ । सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि आफूले सेयर गर्न लागेको सामग्रीले कसैको प्रतिष्ठा, सुरक्षा वा मानसिक अवस्थामा कस्तो असर पार्न सक्छ भन्ने सोच्नुपर्छ ।

सामाजिक सञ्जालको प्रभावकारी प्रयोगले अन्यायविरुद्ध आवाज उठाउन र पीडितलाई न्यायको ढोकासम्म पुऱ्याउन सहयोग गर्न सक्छ । तर, यही माध्यम असंवेदनशीलता, अफवाह र चरित्रहत्याको औजार बन्यो भने यसले पीडितलाई न्याय दिलाउनुको सट्टा थप पीडा दिन्छ । कुनै घटनामा चासो राख्नु, प्रश्न उठाउनु र सम्बन्धित निकायलाई जवाफदेही बनाउन खोज्नु नागरिकको अधिकार हो । तर, त्यो अधिकार अरूको गोपनीयता र सम्मान नष्ट गर्ने अनुमति होइन ।

सभ्य समाजको पहिचान आरोपितलाई गाली गरेर वा पीडितको निजी जीवन सार्वजनिक गरेर हुँदैन । सत्यतथ्यको खोजी, कानुनको सम्मान, पीडितप्रतिको संवेदना र सबैका अधिकारको संरक्षणबाट मात्र न्यायपूर्ण समाज निर्माण हुन सक्छ । सामाजिक सञ्जाललाई अन्याय उजागर गर्ने माध्यम बनाऔं, कसैको प्रतिष्ठा र आत्मसम्मान ध्वस्त पार्ने हतियार होइन ।


चाणक्य नीति : शासनका सूत्र

नीतिसत्ता



● डा. सुमनकुमार रेग्मी

चाणक्य नीतिसत्ता र राजनीतिसँग सम्बन्धित विचारको संग्रह मात्र होइन, जीवन, शिक्षा, धन, मित्रता र नेतृत्वबारेका व्यावहारिक सुझाव पनि हुन् । चाणक्यले विवेक, गोपनीयता, योग्य व्यक्तिको छनोट, संकटका लागि तयारी र आत्मसंयमलाई महत्त्व दिएका छन् । उनका विचार आज पनि राजनीति र सार्वजनिक नेतृत्वको विश्लेषणमा सान्दर्भिक छन् ।



प्राचीन भारतीय राजनीतिका चर्चित चिन्तक चाणक्यलाई कौटिल्य र विष्णुगुप्तका नामले पनि चिनिन्छ । उनी मौर्य साम्राज्यका संस्थापक चन्द्रगुप्त मौर्यका राजनीतिक सल्लाहकार तथा मार्गदर्शक मानिन्छन् । राज्य सञ्चालन, कूटनीति, अर्थव्यवस्था र शासकीय रणनीतिसम्बन्धी उनको विचारले दक्षिण एसियाको राजनीतिक चिन्तनमा महत्त्वपूर्ण स्थान ओगटेको छ ।

चाणक्यसँग सम्बन्धित दुई प्रमुख कृति अर्थशास्त्र र चाणक्य नीति हुन् । अर्थशास्त्रमा राज्य सञ्चालन, प्रशासन, कर, अर्थव्यवस्था, सुरक्षा र कूटनीतिका व्यवस्थित चर्चा पाइन्छन् । चाणक्य नीतिमा भने शासनसँगै मानवीय व्यवहार, शिक्षा, मित्रता, धनको उपयोग, अनुशासन र सामाजिक सम्बन्धबारेका नीति तथा उपदेश समेटिएका छन् । आज प्रचलित चाणक्य नीतिका सबै भनाइको ऐतिहासिक स्रोत र लेखकत्व भने समान रूपमा प्रमाणित छैन ।

चाणक्यको राजनीतिक महत्त्व राज्यलाई प्रभावकारी बनाउन शक्ति, विवेक, सूचना, स्रोतसाधन र योग्य जनशक्तिको उपयोगमा दिएको जोडसँग सम्बन्धित छ । उनको विचारमा शासन केवल पद र अधिकारको विषय होइन, सही निर्णय, दूरदृष्टि र परिस्थितिको मूल्यांकन गर्ने क्षमतासँग पनि जोडिएको हुन्छ ।

राजनीतिमा लोकप्रियता मात्र पर्याप्त हुँदैन । राज्य सञ्चालन गर्ने व्यक्तिले सम्भावित जोखिम बुझ्न, गोप्य रणनीतिक सूचना सुरक्षित राख्न, योग्य सहयोगी छान्न र संकटको सामना गर्न सक्नुपर्छ । चाणक्य नीतिमा पाइने यस्ता विचार आधुनिक नेतृत्व र प्रशासनको अध्ययनमा पनि उपयोगी दृष्टिकोणका रूपमा लिन सकिन्छ । यद्यपि उनका सबै सुझावलाई आजको लोकतान्त्रिक समाजमा जस्ताको तस्तै लागू गर्न मिल्दैन । तिनलाई मानवअधिकार, समानता र विधिको शासनका मान्यतासँग जोडेर बुझ्नुपर्छ ।

संकटका लागि तयारी

चाणक्य नीतिमा संकटको समयमा काम लाग्नेगरी धन जोगाउनुपर्ने विचार पाइन्छ । यसको व्यावहारिक अर्थ आम्दानीको सबै स्रोत तत्काल खर्च नगरी भविष्यका सम्भावित कठिनाइका लागि तयारी गर्नु हो । व्यक्ति वा राज्य दुवैका लागि आर्थिक स्रोतको विवेकपूर्ण व्यवस्थापन आवश्यक हुन्छ ।

राजनीतिमा पनि यो सिद्धान्त सान्दर्भिक छ । प्राकृतिक विपत्ति, आर्थिक मन्दी वा अन्य संकटका बेला तत्काल निर्णय गर्न सक्ने क्षमता र आवश्यक स्रोतको उपलब्धता महत्त्वपूर्ण हुन्छ । नियमित खर्च र दीर्घकालीन योजनाबीच सन्तुलन कायम गर्न नसक्ने नेतृत्वले संकटको समयमा ठुलो समस्या भोग्न सक्छ ।

चाणक्यले बसोबास वा कामका लागि स्थान छान्दा सम्मान, जीविकोपार्जन, मित्रता र ज्ञान प्राप्तिको अवसरलाई पनि महत्त्व दिएका छन् । यसले व्यक्तिको उन्नति उसको व्यक्तिगत क्षमतामा मात्र नभई उसले प्राप्त गर्ने सामाजिक र आर्थिक वातावरणमा पनि निर्भर हुन्छ भन्ने संकेत गर्छ ।

गोपनीयता र सही सल्लाह

चाणक्य नीतिको चर्चित विचारमध्ये एउटा हो- योजना पूरा नहुँदासम्म त्यसलाई अनावश्यक रूपमा सार्वजनिक नगर्नु । रणनीतिक काममा समयअघि सूचना बाहिरिँदा उद्देश्य असफल हुन सक्छ । राजनीतिमा वार्ता, कूटनीति र सुरक्षा रणनीतिमा गोपनीयताको महत्त्व यहींबाट बुझ्न सकिन्छ ।

तर, गोपनीयता र जवाफदेहिता फरक विषय हुन् । राज्यका संवेदनशील योजना सुरक्षित राख्नु आवश्यक भए पनि सार्वजनिक निर्णय, खर्च र नीतिगत काम नागरिकको निगरानीबाट बाहिर रहनु हुँदैन । लोकतान्त्रिक शासनमा गोपनीयताको सीमा कानुनले निर्धारण गर्नुपर्छ ।

चाणक्यले खराब मित्र र चाप्लुसी गर्ने व्यक्तिबाट सावधान रहन पनि सुझाव दिएका छन् । अगाडि मिठो बोल्ने तर पछाडि हानि पुऱ्याउने व्यक्तिको संगत जोखिमपूर्ण हुन्छ भन्ने उनको आशय छ । आधुनिक राजनीतिक नेतृत्वका लागि यसको अर्थ आफ्नो प्रशंसा गर्ने व्यक्ति मात्र वरिपरि राख्नुको सट्टा तथ्य प्रस्तुत गर्ने, कमजोरी औंल्याउने र स्वतन्त्र सल्लाह दिन सक्ने व्यक्तिलाई महत्त्व दिनु हो ।

शिक्षा र योग्यताको महत्त्व

चाणक्य नीतिमा शिक्षालाई व्यक्तिको वास्तविक प्रतिष्ठासँग जोडिएको छ । बाहिरी रूप, वंश वा पदभन्दा ज्ञान र आचरण महत्त्वपूर्ण हुने विचार उनका विभिन्न उपदेशमा पाइन्छन् । अध्ययन र अभ्यासले व्यक्तिको निर्णय क्षमता बढाउँछ भन्ने मान्यता आज पनि उत्तिकै उपयोगी छ ।

नेतृत्वका लागि पनि ज्ञान अपरिहार्य हुन्छ । अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, कानुन, कूटनीति र प्रशासनका विषयमा पर्याप्त जानकारी नलिई गरिएका निर्णयले दीर्घकालीन असर पार्न सक्छन् । त्यसैले योग्य व्यक्तिको छनोट र निरन्तर सिकाइलाई शासनको आधार बनाउनुपर्छ । चाणक्यले मित्रको पहिचान संकटमा हुने व्यवहारबाट गर्नुपर्ने बताएका छन् । सुखका बेला साथ दिनेभन्दा दुःख, अप्ठ्यारो र अनिश्चितताका बेला सहयोग गर्ने व्यक्ति वास्तविक मित्र हो भन्ने उनको विचार छ । राजनीतिक सन्दर्भमा पनि अवसरका बेला साथ दिने र कठिन निर्णयका बेला जिम्मेवारी बाँड्ने व्यक्तिबीचको भिन्नता बुझ्न यो विचार उपयोगी हुन्छ ।

अति र अविवेकबाट जोगिने शिक्षा

चाणक्य नीतिमा कुनै पनि कुराको अति नगर्नुपर्ने सन्देश पनि पाइन्छ । घमण्ड, लोभ र विवेकहीन व्यवहारले व्यक्ति तथा संस्थालाई संकटमा पार्न सक्छन् । यसलाई शक्ति र अधिकारको प्रयोगमा संयम अपनाउनुपर्ने शिक्षाका रूपमा बुझ्न सकिन्छ ।


शासकले आफ्नो शक्ति असीमित छ भन्ने ठान्नु हुँदैन । आलोचना अस्वीकार गर्ने, आफूलाई सर्वज्ञ ठान्ने र नियमभन्दा माथि रहने प्रवृत्तिले शासनलाई कमजोर बनाउँछ । नेतृत्वमा आत्मसंयम, जिम्मेवारीबोध र गल्तीबाट सिक्ने क्षमता आवश्यक हुन्छ । चाणक्यका सबै भनाइ आधुनिक मूल्यसँग मेल खाँदैनन् । विशेषतः महिला, जात र सामाजिक हैसियतसम्बन्धी केही कथन प्राचीन समाजका असमान मान्यताबाट प्रभावित छन् । तिनलाई आजको सत्य वा सार्वभौमिक नियमका रूपमा स्वीकार गर्नु उचित हुँदैन । चाणक्य नीतिको अध्ययन गर्दा उपयोगी व्यावहारिक विचार र समयसापेक्ष आलोचनाको आवश्यकता भएका मान्यताबीच भेद गर्नुपर्छ ।

समग्रमा चाणक्य नीति सत्ता प्राप्त गर्ने उपायको संग्रह मात्र होइन, विवेकपूर्ण निर्णय, स्रोतको व्यवस्थापन, योग्य व्यक्तिको छनोट, गोपनीयता र आत्मसंयमबारेको परम्परागत ज्ञान पनि हो । आधुनिक राजनीतिमा यसको उपयोग अन्धअनुकरणमा होइन, आलोचनात्मक अध्ययनमा छ । लोकतान्त्रिक मूल्य, नागरिक अधिकार र जवाफदेहितासँग जोडेर बुझ्दा चाणक्यका कतिपय विचारले आज पनि नेतृत्व र शासनबारे सोच्न उपयोगी आधार दिन सक्छन् ।

इतिहासको पाना

● सन्तोष खडेरी

राजपाट त्यागेर राजर्षि बनेका जुद्धशमशेर



स्वैच्छिक रूपमा राजपाट त्यागेर गेरुवा वस्त्र धारण गर्दै रिडीतर्फ लागेका श्री ३ महाराज जुद्धशमशेरको जीवन विरोधाभासले भरिएको थियो । आर्थिक तथा औद्योगिक विकास र नेपालको कूटनीतिक हितमा योगदान दिएका उनी राजनीतिक अभियन्ताहरूमाथि भने कठोर शासकका रूपमा चिनिन्छन् ।

विसं १९८९ भदौ १७ देखि २००२ मंसिर २९ गतेसम्म १३ वर्ष दुई महिना २९ दिन शासन गरेका श्री ३ महाराज जुद्धशमशेरले एकाएक राजपाट त्यागे । राजकीय श्रीपेच र जंगी पोसाक छाडेर गेरुवा वस्त्र धारण गरे । शिरमा समेत गेरु रङको फेटा बाँधेर उनी राजर्षि महाराजका रूपमा रिडीतर्फ प्रस्थान गरे ।

राणा शासनका संस्थापक जंगबहादुर राणापछिको पुस्ताका अन्तिम शासकका रूपमा रहेका जुद्धशमशेरको शासनकालमा आर्थिक तथा सामाजिक क्षेत्रमा केही महत्त्वपूर्ण काम भए । वैदेशिक मामिलामा पनि उनले उल्लेखनीय भूमिका निर्वाह गरे । तर, शिक्षाको क्षेत्रमा भने अन्य राणा शासकहरूजस्तै उनी पनि अनुदार रहे । राजनीतिक सुधारका लागि आन्दोलनरत अभियन्तामाथि उनले कठोर दमन गरे ।

विसं १९९७ सालको प्रजापरिषद् प्रकरणमा चार सहिदलाई मृत्युदण्ड दिने निर्णय उनकै शासनकालमा भयो । त्यसैगरी, दोस्रो विश्वयुद्धका क्रममा भारतमा खटिएका नेपाली सैनिकमध्ये विरोधमा उत्रिएका एक सैनिकलाई पनि मृत्युदण्ड दिइयो । प्रजापरिषद् प्रकरणमा माफी मागेका एक व्यक्तिको सजाय घटाएर आजीवन कारावासमा परिणत गरिएको भए पनि अन्य अभियुक्तका हकमा भने कठोर सजाय कायम राखियो ।

व्यक्तिगत जीवनमा जुद्धशमशेरका धेरै श्रीमती र छोराछोरी थिए । श्री ३ महाराज हुनुअघिसम्म उनका रानी, बुहारी र छोरीहरूका लागि राजपरिवारको हैसियतअनुसारका कपडासमेत पर्याप्त थिएनन् । महाराज बनेपछि उनले उनीहरूका लागि कपडा किन्न ठुलो रकम निकासा गरेका थिए ।

विसं १९९० सालको विनाशकारी भूकम्पपछिको पुनर्निर्माणमा उनको शासनकालले महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो । नेपाल बैंकलगायत करिब ३० औद्योगिक संस्थाको स्थापना र विस्तारसँगै मुलुकमा औद्योगिक विकासको आधार तयार पार्ने काम पनि यही अवधिमा अघि बढ्यो ।

जीवनको उत्तरार्धमा स्वैच्छिक रूपमा राजपाट त्याग्ने उनको निर्णयले शासनकालका केही घटनामा उनको भूमिका र जिम्मेवारीबारे प्रश्न उठाए पनि वैदेशिक मामिलामा उनले परिपक्वता र दूरदर्शिता देखाएको मानिन्छ । नेपालको स्वतन्त्रता र सार्वभौमसत्ताको संरक्षणका लागि लन्डनमा आवासीय नेपाली कूटनीतिक नियोग स्थापना गर्ने कदमलाई उनको शासनकालको महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइन्छ ।

राजपाट त्यागेर राजर्षि महाराजका रूपमा रिडी पुगेका जुद्धशमशेर त्यहाँ लामो समय बसेनन् । केही वर्षपछि उनी भारतको देहरादून सरे । विसं २००९ मंसिरमा ७७ वर्षको उमेरमा देहरादूनमै उनको निधन भयो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

गुल्मीमा स्कार्पियो दुर्घटना हुँदा ६ जनाको मृत्यु



गुल्मी/मस– गुल्मीमा स्कार्पियो दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ । स्याङ्जाको चिरकोटबाट गुल्मीको राक्सेतर्फ जाँदै गरेको वा ०२२० नम्बरको स्कार्पियो सोमबार गुल्मीको कालीगण्डकी गाउँपालिका-२ दबौखानीमा दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको हो ।

स्कार्पियो कालीगण्डकी करिडोर सडकखण्डबाट करिब २५० मिटर तल खसेर दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा परी घटनास्थलमै पाँच जनाको मृत्यु भएको हो भने एक जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरीको भनाइ छ ।

दुर्घटनामा गुल्मी कालीगण्डकी गाउँपालिका-१ सिरकोटका छविलाल पाण्डे, गोमता पाण्डे तथा स्याङ्जा वालिङ नगरपालिका-१० का बालकृष्ण सुवेदी घाइते भएका छन् । छविलाल पाण्डेको कालीगण्डकी सामुदायिक अस्पताल मिर्मीमा उपचारपछि थप उपचारका लागि मिसन अस्पताल पाल्पा रेफर गरिएको छ । उनको अवस्था गम्भीर रहेको बताइएको छ । गोमता पाण्डेको मिसन अस्पताल पाल्पामा उपचार भइरहेको छ भने बालकृष्ण सुवेदीलाई कालीगण्डकी सामुदायिक अस्पताल मिर्मीबाट थप उपचारका लागि मणिपाल शिक्षण अस्पताल पोखरा रेफर गरिएको छ । दुवैको अवस्था मध्यम रहेको जनाइएको छ ।

दुर्घटनामा नीता बगालेको कालीगण्डकी सामुदायिक अस्पताल मिर्मीमा उपचारका क्रममा मृत्यु भएको छ । यस्तै, स्कारपियो चालक स्याङ्जा वालिङ नगरपालिका-२ का ६७ वर्षीय दिलिप कुमार बगाले, वालिङ नगरपालिका-१० का ६० वर्षीय शिव पराजुली, गुल्मी कालीगण्डकी गाउँपालिका-१ सिरकोट घर भई हाल वालिङ बस्दै आएका लोकनाथ पाण्डे, सोही ठाउँकी सिता पाण्डे तथा कालीगण्डकी गाउँपालिका-१ सिरकोट घर भई हाल बुटवल खैरेनी बस्दै आएका कुलानन्द पाण्डेको पनि मृत्यु भएको छ ।

आनी छोइङ डोल्माको नियुक्तिविरुद्ध विरोध प्रदर्शन



काठमाडौं/मस-लुम्बिनी विकास कोषको उपाध्यक्षमा आनी छोइङ डोल्माको नियुक्तिविरुद्ध काठमाडौंमा विरोध प्रदर्शन भएको छ । डोल्माको नियुक्तिको विरोधमा सोमबार लुम्बिनी विकास कोष तथा गुम्बा विकास समिति बचाऊ संयुक्त समिति तथा तामाङ नागरिक समाजको अगुवाइमा माइतीघरमा प्रदर्शन गरिएको हो ।

बौद्ध भिक्षुणी डोल्मालाई नागरिकता किर्ते गरेको तथा सम्पत्ति शुद्धीकरणको मुद्दा विचाराधीन रहेको अवस्थामा सरकारले नियुक्त गरेको उनीहरुको आरोप छ । डोल्माको नियुक्ति खारेज गरी उनको नागरिकता तथा सम्पत्ति शुद्धीकरणको मुद्दालाई यथाशीघ्र टुंगोमा पुऱ्याउनुपर्ने उनीहरुको माग छ ।

विरोध प्रदर्शनमा सहभागी हरिजन विकले आफूहरु कुनै जाता वा धर्मको विरोधी नभएको स्पष्ट पारे । उनले सरकारले प्रशासनिक क्षेत्रमा राजनीतिक नियुक्त गरिरहेको भन्दै आपत्ति जनाए । नागरिकता नै विवादमा रहेको व्यक्तिलाई कोषको उपाध्यक्षमा नियुक्त गरिएको भन्दै उनले डोल्माको नियुक्ति खारेज गर्न समेत माग गरे ।

अर्का प्रदर्शनकारी विष्णु गुरुङले लुम्बिनी विकास कोषको उपाध्यक्ष आनी छोइङ डोल्माको झमेला आउनु नै तामाङ समुदायका लागि स्वीकार्य नभएको बताए । तामाङ समुदायको प्रतिनिधित्व गर्नका लागि तामाङ नै हुनुपर्छ भन्ने आफूहरुको माग रहेको उनको भनाइ छ । उनले भोलिका दिनमा डोल्मालाई समेत समस्या नहोस् र कोषको समेत हित होस् भनेर नै आफूहरु आन्दोलनमा आएको बताए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्तावमा गत असोज ३० गते बसेको मन्त्रिपरिषद् बैठकले डोल्मालाई कोषको उपाध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको थियो ।

२१ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै

काठमाडौं/मस-यही कात्तिक १७ र १८ गते सबै क्षेत्रका गरी २१ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाउने तयारी भइरहेको छ । सरकारले आर्थिक वर्ष २०८३/०८४ को नियमित रूपमा पहिलो चरणमा कात्तिक २ र ३ गते खुवाउँदै आएको भिटामिन 'ए' कार्यक्रम दसैं परेकोले कात्तिकको १७ र १८ गते खुवाउन तयारी थालिएको हो ।

स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लिलाविक्रम थापाले भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने जानकारी दिए । भिटामिन 'ए' करिब २१ लाख बालबालिका र जुकाको औषधि करिब २० लाख बालबालिकालाई खुवाइने भएको छ। भिटामिन 'ए' सबै प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा पठाइसकेको छ । सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो । राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटिने बताए ।

साउदीमा रोजगार

कम्पनी : **Capsicum Restaurant For Meals** शहर : **SAUDI**
पूर्व स्वीकृत मिति: २०८३/०७/०५ चलानी नं.: ६०२६२७७१ **LT. No.: 349604**

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: SR	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Food & Beverage Jonior Waiter	2	0	स. कामना दक्ष	1400	५६६३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : **ZAMA INTERNATIONAL COMPANY** शहर : **SAUDI**
पूर्व स्वीकृत मिति: २०८३/०७/०५ चलानी नं.: ६०२६२७८२ **LT. No.: 349770**

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: SR	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Heavy Truck Driver	5	0	स. कामना दक्ष	1800	७२,८९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

प्रि अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) **मा हुनेछ ।**

स्थदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्थदेशमा घरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टयाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारसे	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारसे	रु. १,५०० कामदारसे	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके निशिमत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सम्मना राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (पत्रमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमा/तिरेमा ध्यान दिनु हुन । ४. विदेश जान अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहस्रोत्रमा पर्दछ भन्ने मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र यो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालेखन प्रयोग गर्नु होला, अन्यथा दोब्बर सम्भाना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

RELIANCE RECRUITMENT SERVICES PVT. LTD. Lic. No: 971/067/068
Maharajgunj, Chakrapath, Kathmandu, Nepal, Tel : 01-4519528, +977 9823034287 (Sarita Ghale)
Email : manager@relianceservice.com.np, Website : www.relianceservice.com.np

युएईमा रोजगार

कम्पनी : **SANED FACILITY MANAGMENT L.L.C** शहर : **UAE**
पूर्व स्वीकृत मिति: २०८३/०६/१५ चलानी नं.: ६०२६२०३२ **LT. No.: 348800** पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: AED	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Baggage Handlers	27	0	सम्बन्धित कामना दक्ष	1100	४५,३७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaner Female	0	30		1000	४१,२५०							
3.	Cleaner Male	50	0		1000	४१,२५०							
4.	Female Security Guard	0	20		1600	६६,०००							
5.	Male Security Guard	63	0		1600	६६,०००							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) **मा हुनेछ ।**

स्थदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्थदेशमा घरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टयाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारसे	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारसे	रु. १,५०० कामदारसे	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके निशिमत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सम्मना राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (पत्रमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमा/तिरेमा ध्यान दिनु हुन । ४. विदेश जान अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहस्रोत्रमा पर्दछ भन्ने मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र यो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालेखन प्रयोग गर्नु होला, अन्यथा दोब्बर सम्भाना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

RED PANDA INTERNATIONAL SERVICES PVT LTD
License No.: 1375/074/075
Townplanning, Samakhushi Marg Samakhushi-26, Kathmandu, +977-01-4952910
Email: docs.redpanda@gmail.com, Web site : redpandaoverseas.com

बहराइनमा रोजगार

कम्पनी: **Bahrain Modern Mills & Roasters Co. W.L.L.** शहर: **Bahrain**
पूर्व स्वीकृत मिति: २०८१/०८/१८ चलानी नं.: ६०२२५९३२ **L.T. No.:314756** पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: BD	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Electrical Engineer Maintenance	3	0	सम्बन्धित कामना दक्ष	150	६०४०२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	General Worker/Factory Worker	1	0		100	४०२६८							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ कार्तिक १७ गते (3 November 2026) **मा हुनेछ ।**

स्थदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्थदेशमा घरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टयाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारसे	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारसे	रु. १,५०० कामदारसे	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके निशिमत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सम्मना राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (पत्रमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमा/तिरेमा ध्यान दिनु हुन । ४. विदेश जान अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहस्रोत्रमा पर्दछ भन्ने मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र यो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालेखन प्रयोग गर्नु होला, अन्यथा दोब्बर सम्भाना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

PRESTIGE ASSOCIATES PVT. LTD.
श्रम इजाजत पत्र नं. १३०/०५४/०५५
Baneshwor, Kathmandu, Nepal, Phone No. : 4104101 | 4466770 | 9702624732

साइप्रसमा रोजगार

कम्पनी : **PRIVATE EMPLOYMENT AGENCY** शहर: **CYPRUS**
पूर्व स्वीकृत मिति: २०८३/०६/३० चलानी नं.: ६०२६२६१६ **LT. No.:349558**

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: EURO	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Domestic Worker	0	25	स. कामना दक्ष	400	६७५८८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) **मा हुनेछ ।**

स्थदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्थदेशमा घरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टयाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारसे	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारसे	रु. १,५०० कामदारसे	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके निशिमत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सम्मना राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (पत्रमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमा/तिरेमा ध्यान दिनु हुन । ४. विदेश जान अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहस्रोत्रमा पर्दछ भन्ने मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र यो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालेखन प्रयोग गर्नु होला, अन्यथा दोब्बर सम्भाना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

Sundar Nepal Overseas Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Tel. 01- 4578764, 9763474143
Email: Sundarnpo@gmail.com

साउदीमा रोजगार

कम्पनी: **ADNAN MOHAMMED AL-QURAISHI'S FRUIT AND VEGETABLE SHOP** शहर: **RIYADH**
पूर्व स्वीकृत मिति: २०८३/०७/०५ चलानी नं.: ६०२६२७४८ **L.T. No.: 349590**

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: SR	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Loading And Unloding Worker	2	0	स. कामना दक्ष	1000	४०,४५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) **मा हुनेछ ।**

स्थदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्थदेशमा घरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टयाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारसे	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारसे	रु. १,५०० कामदारसे	रु. १०,००० कामदारसे

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके निशिमत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सम्मना राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (पत्रमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमा/तिरेमा ध्यान दिनु हुन । ४. विदेश जान अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहस्रोत्रमा पर्दछ भन्ने मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र यो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालेखन प्रयोग गर्नु होला, अन्यथा दोब्बर सम्भाना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

HAMDAN EMPLOYMENT SERVICE PVT.LTD. Gov. Lic. No. 761/064/065
Tilganga-9, Manpower Bazar, Airport, Kathmandu, Tel: 4474505, 4474506, Email: hamdan773@gmail.com,
Contact No: 9801833555 (Laya Prasad Upreti), Website: www.hamdanemployment.com.np

युएईमा रोजगार

कम्पनी : **FLEX EMPLOYMENT SERVICES LLC** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८३/०६/३० चलानी नं.: ६०२६२६४४ **LT. No.: 349288**

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: AED	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	ASSISTANT (HELPERS)	200	0	स. कामना दक्ष	1000	४१२५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) **मा हुनेछ ।**

स्थदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्थदेशमा घरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टयाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारसे	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारसे	रु. १,५०० कामदारसे	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके निशिमत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सम्मना राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (पत्रमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमा/तिरेमा ध्यान दिनु हुन । ४. विदेश जान अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहस्रोत्रमा पर्दछ भन्ने मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र यो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालेखन प्रयोग गर्नु होला, अन्यथा दोब्बर सम्भाना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

GRAND SHIKHAR OVERSEAS PVT LTD
Lic. No: 756/064/065
Lazimpat, Kathmandu, Tel: +977-1-4516940 (6 Lines),
Contact No : 9841786714 (Sushila Kumari Poudel), Web: gso@grandshikhar.com

बहराइनमा रोजगार

कम्पनी : **Moon Star Cleaning Construction Co W.LL** शहर : **BAHRAIN**
पूर्व स्वीकृत मिति: २०८३/०७/०५ चलानी नं.: ६०२६२७१३ L.T. No.: 349617

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: BD	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	CLEANER / HELPER	15	0	स. कामना दक्ष	100	४०२६८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) **मा हुनेछ ।**

स्थदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्थदेशमा घरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टयाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारसे	रोजगारदाताले	रोजगारदाताले	रु. ३१००	रु. १,५०० कामदारसे	नि शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके निशिमत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सम्मना राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (पत्रमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमा/तिरेमा ध्यान दिनु हुन । ४. विदेश जान अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सिक्किमको पाल्जोर स्टेडियममा गुन्जिँदै नेपथ्य



काठमाडौं/मस– लोकरक ब्यान्ड नेपथ्य सिक्किमको राजधानी गान्तोकमा हुने प्रस्तुतिको तयारीमा जुटेको छ । त्यहाँस्थित पाल्जोर स्टेडियममा यसै अक्टोबर ३१ (कार्तिक १४) मा नेपथ्य गुन्जन लागेको छ ।

सिक्किममा कन्सर्टको घोषणालगत्तै यसलाई त्यहाँबाट राज्य स्तरबाटै अपनत्व दर्साइएको थियो । भारतको ८०औं गणतन्त्र दिवसको मुख्य समारोहकै बीच मुख्यमन्त्री प्रेमसिंह तामाङ गोलेले कन्सर्टको टिकट र यसै आयोजनालाई केन्द्रित गरेर तयार पारिएको नेपथ्य अंकित टिसर्ट सार्वजनिक गरेका थिए ।

नेपथ्य सिक्किममा चौथोपटक प्रस्तुत हुन लागेको हो । राजधानीकै मुख्य स्टेडियममा आयोजना हुन लागेको हिसाबले कन्सर्ट भव्य र सिक्किममा नेपथ्यको उपस्थितिका हिसाबले विशेष हुने विश्वास आयोजकहरूले लिएका छन् । निकै अघिदेखि फुटबल प्रतियोगिता आयोजना हुँदै आएको पाल्जोर स्टेडियम तत्कालीन भारतीय राष्ट्रपति एपिजे अब्दुल कलामद्वारा उद्घाटन गराएर बहुउद्देश्यीय स्टेडियमका रूपमा विकास गरिएको हो ।

'कन्सर्ट आयोजनादेखि साधनस्रोतसम्म जुटाउन चौतर्फी हिसाबले व्यापक तयारी अघि बढिसकेको छ,' आयोजक पोजिटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्कका विकेश कायस्थले प्रतिक्रिया दिए, 'मैदानको व्यवस्थापन र सुरक्षालाई विशेष प्राथमिकतामा राखेका छौं ।'

सिक्किमवासीले पछिसम्मै याद राख्ने हिसाबले कन्सर्टको तयारी भइरहेको उनले जानकारी दिए । हिमाली राज्यको सुन्दरताको प्रवर्धन र तन्नेरी पुस्ताको मनोबल उकास्ने अवसरका हिसाबले पनि कन्सर्टलाई अघि बढाइएको उनको भनाइ छ ।

कार्यतालिका अनुसार ३१ तारिखको बेलुकी ठिक ५ बजे पाल्जोर स्टेडियमका ढोकाहरू खुला गरिनेछन् भने बेलुकी ठीक ७ बजे कन्सर्ट सुरु हुनेछ ।

सिक्किममा नेपाली, भुटिया र लेप्चा लोक परम्पराबाट विकास भएका सङ्गीत आम रूपमा प्रचलित छन् । नेपालमा जस्तै मादल, सारङ्गी, डम्फु, टुङ्नादेखि नौमतीसम्मका वाद्ययन्त्रको व्यापक प्रयोग गर्ने त्यहाँको समाजले तामाङ सेलो सर्वाधिक रुचाउँछ । सिक्किमका पहाडमा पनि भ्याउरे, दोहोरी, सेलो, मारुनी, चुट्का र सोरठीजस्ता भाकाहरू गुन्जने गरेका छन् ।

नेपालसँग ठ्याक्कै मिल्ने गरी रोपाइँदेखि मेलापात र चाडपर्व संगीतकै भाकामा सम्पन्न हुँदै आएका छन् ।

यस्तोमा नेपालका ग्रामीण भेगहरू डुलेर संकलन गरिएका नेपथ्यका गीतहरूलाई सिक्किमका श्रोताले धेरै पहिलेदेखि मन पराउँदै आएका छन् । त्यहाँका रेडियोहरूमा नेपथ्यका गीतहरू उत्तिकै घन्किने गरेका छन् । कन्सर्टका निम्ति पुगेका बेला गायक अमृत गुरुङका अन्तर्वार्ता पनि बज्ने गरेका छन् ।

'सिक्किमका रेडियोमा बज्ने नेपथ्यका गीतहरू सुनेर प्रभावित श्रोताले पठाउने गरेका मायालु सन्देश मैले बेलाबेला पाउने गरेको छु,' ब्यान्डका अगुवासमेत रहेका गायक अमृत भन्छन्, 'यो पाला रंगशालामै आयोजना हुन लागेको कन्सर्टलाई लिएर उत्साहपूर्ण समाचारहरू प्राप्त भइरहँदा हौसला झनै बढेको छ ।'

अमृतका अनुसार नेपथ्य ब्यान्डको स्थापनालगत्तै सबैभन्दा पहिले कन्सर्टका लागि निम्तो दिनेमा सिक्किम-दार्जिलिङ भेगकै दर्शक थिए ।

'अन्तर्राष्ट्रिय भेन्युदेखि साना गाउँहरूसम्म ब्यान्डलाई उत्तिकै स्तरमा प्रस्तुत गर्ने काम केही वर्षदेखि सफलतापूर्वक सम्पन्न हुँदै आएको छ,' ब्यान्डलाई प्रवर्धन एवं परिचालन गर्दै आएको नेपालयका किरणकृष्ण श्रेष्ठ भन्छन्, 'एक महिनायता मात्रै दक्षिण कोरिया, दुबई र काठमाडौंको भव्य आयोजनाका बीच दर्शकबाट जेजस्तो उत्साहप्रद प्रतिक्रिया पाएका थियौं, त्यस्तै प्रतिक्रिया सिक्किममा पनि पाउने विश्वास लिएका छौं ।'

कन्सर्टमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाउनेछन् ।

सिक्किमपछि नेपथ्य पूर्वी नेपालका दुई सहरमा प्रस्तुत हुनेछ । कार्तिक १८ मा इटहरी र कार्तिक २१ मा झापाको चारआलीमा नेपथ्यले लोकरक गुन्जाउनेछ । तिहारपछि ब्यान्डले फेरि मुलुकका चार साना तथा मझौला सहरको सांगीतिक यात्रा गर्नेछ । त्यसपछि नेपथ्यले डिसेम्बरमा अस्ट्रेलियाको यात्रा गर्ने छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/१०/१० मा दर्ता भएको **प्रा. लि. नं. १६२३१५** को श्री **भक्तपुर यातायात प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६६/०६/२६ मा दर्ता भएको श्री **विजनेश एक्सेस प्रा. लि. (प्रा.लि. नं. ६६७०७)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०४/१४ मा दर्ता भएको **दर्ता नं.: २३४२५२** को **दिपमाला रोजिन एण्ड टर्पिनटाइन इन्डष्ट्रिज प्रा.लि.** कम्पनीको विशेष साधार सभाद्वारा मिति २०८३/०७/०९ को निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वोच्छीक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैको कुनै किसिमको लेनदेन, वाँकी वक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिका मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।

लिक्विडेटर: शेर बहादुर रोकाया,
इजाजतपत्र नं. २८७, फोन नं. ५८४९३४०४०३

कतारमा रोजिगार

कम्पनी: **Azurewave Cleaning and Hospitality** शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०८३/०६/२५ चलानी नं.: ६०२६२७३५ LT. No.: 349218

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब QR	नै. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners/Housekeeping	1	3	सम्बन्धित काममा दक्ष	1000	४१६५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	cleaner hospital	3	3		1000	४१६५०							
3.	Cleaners (Male)	7	0		1000	४१६५०							
4.	GEN.CLEAN WORKER	2	3		1000	४१६५०							
5.	CLEANERS/PUBLIC BUILDING	5	5		1000	४१६५०							
6.	REPRESENTATIVE	1	0		2500	१०४१२५							
7.	SECRETARY/RECEPTIONIST 0	0	1		2500	१०४१२५							

कम्पनी: **MELAKA CLEANING AND HOSPITALITY** शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०८३/०६/२५ चलानी नं.: ६०२६२७२८ LT. No.: 349220

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब QR	नै. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	CLEANER/JANITRESS	2	0	सम्बन्धित काममा दक्ष	1000	४१६५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaners/Housekeeping	2	3		1000	४१६५०							
3.	Cleaners (Ladies)	0	1		1000	४१६५०							
4.	Ground Steward (Male)	4	0		1000	४१६५०							
5.	CLEANERS/PUBLIC BUILDING	4	4		1000	४१६५०							
6.	Cleaner I	2	3		1000	४१६५०							
7.	cleaner hospital	3	0		1000	४१६५०							
8.	Waiter	0	5		1400	५८३१०							
9.	Supervisor - NCC	2	0		2500	१०४१२५							
10.	Customer Service Agent (Customer Service Agent)	1	0		1500	६२४७५							

कम्पनी: **WADY AL FARAH TRADING AND GENERAL CONTRACTING** शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०८३/०६/२५ चलानी नं.: ६०२६२५८७ LT. No.: 349221

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब QR	नै. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	SERVICE AGENT	2	0	सम्बन्धित काममा दक्ष	1500	६२४७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Foreman (Civil)	2	0		2500	१०४१२५							
3.	Pourer, Metal Casting - General	3	0		1200	४५,५८०							
4.	Drivers	1	0		2100	८७४६५							
5.	Painter - Plaster Worker	1	0		1200	४५,५८०							
6.	iron & frame worker	3	0		1200	४५,५८०							
7.	IRON WORKER	2	0		1200	४५,५८०							
8.	BRICMASON	1	0		1200	४५,५८०							
9.	Builder General	2	0		1100	४५८१५							
10.	Assistant Iron Worker 1	1	0		1200	४५,५८०							
11.	Labor of Maintenance the Roads	1	0		1000	४१६५०							
12.	pipe fitter(plumner)	1	0		1200	४५,५८०							
13.	labour maintenance roads	1	0		1000	४१६५०							
14.	Electric	1	0		1200	४५,५८०							
15.	plaster worker	1	0		1200	४५,५८०							
16.	Assistant Pourer, Metal Castings	2	0		1200	४५,५८०							
17.	Supervisor (Gulf Return)	2	0		2500	१०४१२५							
18.	SUPERVISOR / GENERAL	4	0		2500	१०४१२५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ गते (3 November 2026) **मा हुनेछ ।**

स्वदेशमा मर्ने सैडिकलको शुल्क बस्ने व्यहोर्ने र कति तान्ने	बिदेशमा मर्ने सैडिकलको खर्च बस्ने व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा बस्ने व्यहोर्ने/कति तान्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम बस्ने तिर्ने	कामदारलाई हवाइ टिकट बस्ने दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क बस्ने व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क बस्ने व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तान्ने र बस्ने व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र बस्ने व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४६५ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,३०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विनाश्वसट मरुवृद्धको जानकारी :- १. आफ्नो नामना भिसा प्राप्त भईसके पश्चिमा भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रोजेको नेपाली कुटनैतिक नियोजको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कहिलेसम्म पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमा हामीलाई खबर गर्नुहोला । ४. विदेश जानु अघि अनिवार्यरुपमा यस कार्यालयमा तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब तथा सुविधा र अन्य जानकारी राम्रोसँग बोहोर माग सम्पतिमा पक्का हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कानूना विदेश जाउँ भनेकाहरु विभिन्नबहाना प्रयोग गर्नु होला, अन्यथा दण्डित सम्बाधना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचलना सम्पर्क गर्नु होला ।

PRO JOB SOLUTION PVT. LTD.
श्रम इजाजत नं. १७४९/०८२/८३
Kathmandu Metropolitan City - 9, Gaushala Contact No: 9709419270 (Hum Kant Parajuli)
E-mail: projobsolutionpvtltd61@gmail.com

कतारमा रोजगार

कम्पनी: **LULU RAYYAN TRADING LLC** शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०८३/०७/०५ चलानी नं.: ६०२६२७४६ LT. No.: 349753

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब QR	नै. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम मानें घण्टा	हप्तामा काम मानें दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Office Cleaner	1	0	सम्बन्धित काममा दक्ष	1000	४१६५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	SUPERVISOR (GENERAL)	2	0		2500	१०४१२५							
3.	Sales Representative	2	0		2200	५१६३०							
4.	ALL VEHELICLS DRIVER	2	0		2200	५१६३०							
5.	DRIVER ALL VEHICLES	1	0		2200	५१६३०							
6.	Salesperson (Male)	8	0		1300	५४१४५							

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ कार्तिक १७ गते (3 November 2026) **मा हुनेछ ।**

स्वदेशमा मर्ने सैडिकलको शुल्क बस्ने व्यहोर्ने र कति तान्ने	बिदेशमा मर्ने सैडिकलको खर्च बस्ने व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा बस्ने व्यहोर्ने/कति तान्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम बस्ने तिर्ने	कामदारलाई हवाइ टिकट बस्ने दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क बस्ने व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क बस्ने व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तान्ने र बस्ने व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र बस्ने व्यहोर्ने
